"सुखी सदस्य, दिगो सहकारी"

२२ औं वार्षिक साधारण सभा २०८०

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

२२औं वार्षिक साधारण सभा बारेको सूचना

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८० साल असार ३१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको २२औं वार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपसिलमा उल्लेखित साधारण सभाको कार्यसूचि अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपसिलको एकाई, मिति, समय र आफुलाई पायक पर्ने स्थानमा उपस्थित हुनको लागी सदस्यहरुको ठेगानामा विभिन्न माध्यमबाट सुचना सम्प्रेषण भईरहेको छ। कुनै कारणवस पत्र वा जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभाको कार्यसूचि :

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
२. लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
३. आ.व. २०७९/०८० को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
४. आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने।
५. आ.व. २०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने।
६. शेयर लाभांश एवं संरक्षित पूँजि फिर्ता कोष वितरण सम्बन्धमा।
७. एकाई प्रतिनिधिहरु सम्बन्धमा।
८. निर्णय पुस्तिका प्रमाणिकरण सम्बन्धमा।
९. विशेष प्रस्तावहरु सम्बन्धमा।

साधारण सभा तालिका :

१) साधारण सभा हुने एकाई, मिति, समय र स्थान

एकाई	मिति	समय	स्थान
क) प्रधान कार्यालय	२०८० साल असोज ६ गते शनिबार	बिहान ११:०० बजेबाट दिनको ३:०० बजेसम्म	रोयल दिदिबहिनी किचन, पोखरा १० बुद्धचोक कास्की
ख) भण्डारढिक र मोहरिया सेवाकेन्द्र	२०८० साल असोज ७ गते आईतबार	बिहान ११:०० बजेबाट दिनको ३:०० बजेसम्म	शुभम् पार्टी प्यालेस, पोखरा २७ तालचोक कास्की
ग) दुलेगौंडा सेवाकेन्द्र	२०८० साल असोज ८ गते सोमबार	बिहान ११:०० बजेबाट दिनको ३:०० बजेसम्म	नेवार समाज भवन, शुक्लागण्डकी ४ दुलेगौंडा तनहुँ

२) एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा : (सवै एकाईबाट छनौट भएका प्रतिनिधिहरु मात्र)

मिति : २०८० साल असोज ९ गते मंगलबार।

समय : विहान ८ बजे।

स्थान : रोयल दिदिबहिनी किचन, बुद्धचोक, पोखरा।

साधारण सभा सम्बन्धी थप जानकारी

- साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा मिति २०८० साल असोज १ गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नुपर्नेछ । वार्षिक साधारण सभाको प्रतिवेदनहरु संस्थाको प्रधान कार्यालय तथा सेवा केन्द्रहरुबाट उपलब्ध हुनेछ । साथै संस्थाको वेबसाईट www.royalcooperative.com को रिपोर्ट सेक्सनमा गई डाउनलोड गर्न सकिनेछ ।
- एकाई 'क', 'ख' र 'ग' बाट निर्णय भै चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नुपर्नेछ ।
- सहकारी सम्बन्धी तालिम लिन ईच्छुक सदस्यज्युहरुले आफ्नो नाम र सदस्यता नम्बर साधारण सभाको कार्यक्रम अवधिमा टिपाई दिनु हुन जानकारी गरिन्छ ।
- साधारण सभाको प्रतिवेदनहरु उपर आफ्नो जिज्ञासा, राय तथा सुझाव भएमा सो समेत समेटिने गरि प्रतिवेदनको अन्तिम पानामा भएको सदस्य सहभागिता फारम वा संस्थाको फेसबुक पेजमा राखिएको गुगल फर्ममा आफ्नो सुझाव भरि २०८० साल असोज १ गते भित्र पठाईदिन हुन अनुरोध गरिन्छ ।
- साधारण सभामा उपस्थित हुँदा सदस्यज्यूहरुले आफ्नो सदस्यता नम्बर र परिचय खुल्ने कागजात लिई उपस्थित भई दिनुहुन जानकारी गरिन्छ ।

धन्यवाद ।

सञ्चालक समितिको आज्ञाले,
केशव प्रसाद ढकाल
सचिव

(मिति: २०८०/०५/०५ गतेको आदर्श समाज राष्ट्रिय दैनिक पत्रिका र संस्थाको आधिकारिक वेबसाईट www.royalcooperative.com र सामाजिक सञ्जाल फेसुबक Pokhara Royal Saving & Credit Co-Operative Society Ltd. मार्फत सुचना प्रकाशन गरिएको)

२२औं वार्षिक साधारण सभा २०८०
सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री रुद्रकुमारी गुरुङ्गद्वारा प्रस्तुत
आ.व.२०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन

आदरणीय सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकार महानुभावहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्युहरु, शेयर सदस्यज्यूहरु र प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा संस्थाको २२औं वार्षिक साधारण सभाको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । कोभिड १९ को दीर्घकालिन असर, विश्वव्यापी आर्थिक मन्दी र वित्तीय बजारमा देखिएको तरलता संकटको बीच आज हामी संस्थाको २२औं वार्षिक साधारण सभाको संघारमा उपस्थित भएका छौं । आर्थिक वर्ष २०७९/०८० को शुरुवात संगै **"सुखी सदस्य, दिगो सहकारी"** भन्ने मूल मन्त्र सहित रणनीतिक यात्रा शुभारम्भ गरेका थियौं, वर्षभरि नै हामीले सदस्य केन्द्रित गतिविधीलाई प्राथमिकतामा राख्यौं । समग्रमा वित्तीय बजार सहकारी अभियान मैत्री थिएन, तथापि प्रतिकुल वित्तीय वातावरणका बीच पनि हामीले वार्षिक लक्ष्य हासिल गर्न सफल भएका छौं । हजारौं सहकारी र सयौं बैक तथा वित्तीय संस्थाहरुको माझमा पोखरा रोयल सहकारीलाई एउटा अब्बल वित्तीय सहयात्रीको रुपमा विकास गराउन सदस्य महानुभावहरुले खेलेको सकारात्मक भूमिका र निरन्तर विश्वासलाई शीरमा राखी भावी दिनमा थप उत्कृष्ट र प्रतिस्पर्धी सेवा दिन यो गरिमामय वार्षिक साधारण सभा समक्ष प्रतिवद्धता व्यक्त गर्दछु ।

सदस्य महानुभावहरु, गत वर्षबाट हामीले वार्षिक साधारण सभालाई सहकारी विभागबाट जारी गरिएको साधारण सभा सञ्चालन कार्यव्यवस्था बमोजिम विभिन्न स्थानमा एकाई सभाहरु सम्पन्न गरि अन्तमा प्रतिनिधी सदस्यहरु मार्फत सभाको निर्णय प्रमाणीकरण गर्ने गरि वार्षिक साधारण सभाको व्यवस्थापन गरेका छौं । यो सहकारीको ईतिहासमा एउटा नौलो र लोकतान्त्रिक अभ्यास हो । हजारौं हजारमा रहेका सदस्यहरुको वार्षिक साधारण सभालाई व्यवस्थापन गर्ने यो प्रणाली निकै व्यवस्थित र फलदायी भएको हामीले महसुस गरेका छौं । अब म आर्थिक वर्ष २०७९/०८० मा भए गरेका प्रमुख वित्तीय तथा गैह्र वित्तीय गतिविधीहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) वित्तीय गतिविधी :

१.१) यस वर्षको प्रमुख वित्तीय झलक यस प्रकारको रहेको छ ।

शीर्षक	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	वृद्धि प्रतिशत
शेयर पूँजी	२०,९७,७२,४००.००	२१,०३,९५,०००.००	०.३०
बचत/निक्षेप	१,५७,४४,६१,८६५.०९	१,६४,२२,७३,९३२.४२	४.३१
ऋण लगानी	१,८२,३७,२६,४८४.८७	१,७६,२३,०६,६०४.५२	(३.३७)
कुल जगेडा कोष	१५,७३,२५,४४८.६९	१८,५२,३३,८२४.७१	१७.७३
ऋण नोक्सानी व्यवस्था	७,३७,७८,१८१.००	८,५०,०१,७५०.००	१५.२१
सञ्चालन बचत	६,४८,७५,४३०.९६	७,७४,९३,०१८.५१	१९.४४
कुल वासलात	२,१७,१३,४०,६४६.६२	२,२८,९०,६७,३२१.३०	५.४२

१.२) पर्ल्स वित्तीय प्रतिवेदनको सार विश्लेषण गर्दा ऋण सुरक्षणका लागि आवश्यक सबै व्यवस्था गरेका छौं। शेयर पूँजी संरचना, बचत निक्षेपको अनुपात, खुद ऋणको अनुपात सकारात्मक सूचक भित्र रहेका छन्। समग्रतामा संस्थाको कुल सम्पत्तिमा ५.४२ प्रतिशतले वृद्धि भएको छ भने शुद्ध संस्थागत पूँजीको अनुपात ८.१७ प्रतिशत पुऱ्याउन सफल भएका छौं।

१.३) २१औं वार्षिक साधारण सभाबाट विनियोजित भएका कोषहरुको वितरण र बाँकी रहेको कोषहरु आर्थिक वर्षको अन्त्यमा साधारण जगेडाकोषमा रकमान्तर गरिएको छ भने आ.व.२०७९/०८० को नाफाबाट शेयर लाभांश तर्फ १२ प्रतिशत र संरक्षित पूँजी फिर्ताकोषबाट सदस्यहरुले गरेको बचत कारोबार तर्फ २.८१ प्रतिशत र ऋण कारोबार तर्फ २.६७ प्रतिशत अतिरिक्त लाभ र कर्मचारी वोनस तर्फ विनियममा व्यवस्था भए बमोजिम आधारभूत तलबको ३ महिना बराबर हुने गरि प्रदान गर्न प्रस्ताव पेश गरेको छु।

२) ऋण लगानी तथा असुली व्यवस्थापन :

२.१) संस्थाबाट प्रवाह हुने ऋणलाई अनिवार्य परामर्शको आधारमा लगानी गरिएको छ। ऋण शिर्षकहरुमा विविधता अपनाई उत्पादनमूलक र आयमूलक क्षेत्रमा केन्द्रित गरिएको छ। यस वर्ष जम्मा १४८१ जना सदस्यले ऋण सेवा उपभोग गरिरहेका छन्।

२.२) गत वर्ष १ जना ऋणी सदस्यको गैह्र बैकिङ्ग सम्पत्तीमा रहेकोमा निजले बुझाउनुपर्ने सम्पुर्ण रकम भुक्तान गरि जग्गा फिर्ता लिनु भएको छ भने यस वर्ष थप २ जना ऋणी सदस्यको धितो गैह्र बैकिङ्ग सम्पत्तिमा लेखांकन गरिएको छ।

२.३) ऋणी सदस्य र परियोजनाको नियमित रुपमा ऋण सदुपयोगिता जाँच गर्ने गरिएको छ भने भाखा नाघेको ऋणको मासिक रुपमा ऋण नोक्सानी व्यवस्थापन गर्ने गरिएको छ। गत वर्षको तुलनामा भाखा नाघेको ऋण असुलीमा सुधार भएको छ।

२.४) समुह जमानत ऋण तर्फको फाईलहरुको सुरक्षणको लागि सामुहिक जमानत र वीमा कार्यक्रमलाई अनिवार्य गरिएको छ भने लघुवित्त मार्फत लगानी हुने समुह जमानत ऋण कार्यक्रमलाई ग्रामीण भेगमा मात्रै केन्द्रित गर्ने रणनीति लिइएको छ।

२.५) ऋण लगानी तर्फ साना लगानीमा प्राथमिकता, असुलीमा तिव्रता दिनुका साथै लामो समय सम्म उच्च विन्दुमा तरलता व्यवस्थापन गर्नुपरेको कारण कुल ऋण लगानीमा गत वर्षको तुलनामा न्यून हुन पुगेको छ।

३) सदस्यता विस्तार तथा लघुवित्त केन्द्रको अवस्था :

३.१) आ.व.२०७९/०८० को अन्त्य सम्ममा सदस्य संख्या ८७९७ जना पुगेको छ। यस वर्ष मात्र ३८९ जना नयाँ सदस्य थपिएको छ। कुल सदस्य मध्ये महिला सदस्य संख्याको प्रतिशत ६७.९६, पुरुष सदस्य संख्या ३१.६८ प्रतिशत र संस्थागत सदस्य ०.३५ प्रतिशत रहेका छन्। जिल्लागत आधारमा सदस्यहरुको सहभागिता सबैभन्दा धेरै कास्की जिल्लामा रहेका छन्।

जिल्ला	महिला	पुरुष	संस्थागत	जम्मा सदस्य	जिल्लागत भारित प्रतिशत
कास्की	४६४८	२१६९	२७	६८४४	७७.७९
तनहूँ	१२३०	५५२	४	१७८६	२०.३०
स्याङ्गजा	८६	५६	०	१४२	१.६१
लमजुङ्ग	१३	९	०	२२	०.२५
पर्वत	२	१	०	३	०.०३
जम्मा सदस्य	५९७९	२७८७	३१	८७९७	१००
प्रतिशतमा	६७.९६	३१.६८	०.३५	१००	

३.२) संस्थामा रहेका सदस्यहरु मध्ये १६ वर्षदेखि ४० वर्ष उमेर समूहका ३९२० जना अर्थात ४४.५६ प्रतिशत, ४१ वर्ष बाट ६० वर्ष उमेर समूहका ३७८९ अर्थात ४३.०७ प्रतिशत, ६१ वर्ष देखि ७५ वर्ष उमेर समुहका सदस्यहरु ९५८ अर्थात १०.८९ प्रतिशत र ७५ वर्ष भन्दा माथिका ९९ जना अर्थात १.१३ प्रतिशत सदस्यहरु रहेका छन् ।

३.३) संस्थाले सञ्चालन गर्दै आईरहेको लघु वित्त कार्यक्रममा यस वर्षसम्म जम्मा १८६६ जना महिलाहरु आवद्ध भएका छन् । जसमा ३६५ समूह र १३८ केन्द्र छन् । विभिन्न पालिकाहरुमा रहेका समूह, केन्द्र र सदस्यहरुको विस्तृत विवरण निम्न बमोजिम रहेका छन् ।

जिल्ला	स्थानिय तह	केन्द्र संख्या	समुह संख्या	सदस्य संख्या
कास्की	अन्नपुर्ण गाउँपालिका	२	५	३०
	माछापुच्छ्रे गाउँपालिका	२	६	३४
	मादी गाउँपालिका	१७	५३	२९०
	पोखरा महानगरपालिका	८५	२१६	१०७०
	रूपा गाउँपालिका	२	५	२३
तनहुँ	भिमाद नगरपालिका	५	१३	६६
	ऋषिङ्ग गाउँपालिका	३	७	४०
	शुक्लागण्डकी नगरपालिका	२२	५७	२८८
स्याङ्गजा	हरिनास गाउँपालिका	२	५	२५
जम्मा		१४०	३६७	१८६६

यसरी हामीले सेवालाई विविधिकरण गर्ने सवालमा संस्थाले सहकारीको माध्यमबाट वित्तीय पहुँच भन्दा बाहिर रहेका र धितो नभएका महिलाहरुलाई सरल वित्तीय सेवा प्रदान गरिरहेका छौं । यसबाट महिला सशक्तीकरण र व्यावसायिकरणमा टेवा पुगेको हामीले महसुस गरेका छौं ।

४) सांगठनिक व्यवस्थापन र कार्यालयको अवस्था :

४.१) हाल संस्थामा सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, सल्लाहकार परिषद, ऋण लगानी तथा असुली उपसमिति, सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरु, महिला उपसमिति, स्वास्थ्य तथा वातावरण उपसमिति, प्रोवेसन कार्यदल, श्रम सम्वन्ध उपसमिति, श्रम सुरक्षा तथा स्वास्थ्य उपसमिति, युवा उपसमिति, पदाधिकारी र उच्च व्यवस्थापन समूह मार्फत नियमित काम र समन्वय भईरहेको छ। प्रधान कार्यालय तथा सेवाकेन्द्रहरुमा रहेको जनशक्ति, यसको कार्यबोझ र वासलातको तुलनात्मक अवस्था यसप्रकार रहेको छ ।

क्र.सं.	कार्यालय/सेवाकेन्द्र	कार्यरत कर्मचारी संख्या	सदस्य संख्या	कुल वासलात
१	प्रधान कार्यालय, कास्की	२३	४,४४२	१,६४,०३,२७,०९२.०६
२	दुलेगौंडा सेवाकेन्द्र, तनहूँ	८	१,७९६	२६,९९,४३,२६०.६४
३	भण्डारढिक सेवाकेन्द्र, कास्की	८	१,४५०	१६,४५,८०,२९९.००
४	मोहरिया सेवाकेन्द्र, कास्की	४	१,१०९	२१,४२,१६,६६९.६०
जम्मा		**४३**	**८,७९७**	२,२८,९०,६७,३२१.३०

४.२) यस समीक्षा अवधिमा ४ जना कर्मचारीले सेवाबाट अवकास लिनुभएको छ भने ३ जना नयाँ कर्मचारी नियुक्ती गरि कर्मचारीको संख्या ४३ पुगेको छ। यसको अलवा सिद्धिविनायक सेक्युरिटि कम्पनी संग सम्झौता गरि दुलेगौडा सेवाकेन्द्र र भण्डारढिक सेवाकेन्द्रको २४ सै घन्टा सुरक्षाको व्यवस्थापन गरिएको छ भने प्रधान कार्यालयमा १ जना संग सम्झौता गरि सरसफाईको कार्य गरिएको छ ।

४.३) समयको माग तथा व्यवस्थापकीय रणनीति बमोजिम मोहरिया सेवाकेन्द्रलाई सेवा काउन्टरको अवधारणा बमोजिम हाल भई रहेको कार्यालयको ठिक अगाडी नयाँ स्थानमा स्थानान्तरण गरिएको छ भने भण्डारढिक सेवाकेन्द्रलाई थप जनशक्ति सहित व्यवस्थित बनाइएको छ ।

५) प्रविधीमैत्री सेवा, स्मार्ट सदस्य :

५.१) संस्थाको सेवालाई क्रमशः क्यासलेस, चेकलेस र पेपरलेस बनाउने अभियान थालिएको छ । यसका लागि प्रविधीमैत्री सेवालाई द्रुत गतिमा अगाडि बढाएका छौं । हालसम्म १३९३ जनाले एटिएम सेवा, ११८४ जनाले मोवाईल बैकिङ्ग, १०९ जनाले एस.एम.एस.सेवा र ६२ जनाले Quick Response Code (क्यू आर कोड) प्रविधीको प्रयोग गरिरहेका छन् । त्यसरी नै १२६० जना सदस्यलाई स्मार्ट परिचय पत्र वितरण गरिएको छ । संस्थाको वेवसाईट, फेसबुक अकाउण्ट, यूट्यूब च्यानल, टिकटक र इन्स्टाग्रामलाई समय सापेक्ष परिमार्जन गर्दै सदस्य सेवा र वस्तुहरुको प्रचार प्रसार र सहज रुपमा सूचना दिने माध्यमको रुपमा विकास गरिरहेको छ। छिटो छरितो रुपमा संस्थाको गतिविधी जानकारी लिन संस्थाको आधिकारिक वेभ पेज तथा सामाजिक सञ्जालमा जोडिन सबै सदस्य महानुभावहरुमा हार्दिक अपिल गर्दछु ।

५.२) संस्थाको सफ्टवेयरलाई समयानुकुल परिमार्जन गर्ने योजना बमोजिम फिन्याक्ट प्लस सफ्टवयर प्रयोग गरिएकोमा अर्धवार्षिक समापन संगै नयाँ प्रिमियम सफ्टवेयर कम्पनीको सिबिएस सफ्टवेयर जडान गरि लेखा प्रणालीलाई स्तरोन्नती गरिएको छ। यसबाट लेखा प्रणाली थप विश्वसनीय र सुरक्षित भएको विश्वास गरिएको छ ।

६) सम्मान तथा पुरस्कार विवरण :

यस आ.व.मा सदस्य, कर्मचारी तथा विभिन्न लघुवित्त केन्द्रहरुलाई कारोबार तथा कार्य सम्पादनको आधारमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिएको छ ।

६.१) २२औं वार्षिक साधारण सभामा पुरस्कार तथा सम्मान प्राप्त गर्ने कर्मचारी, सदस्य, बाल बचत कर्ता लघुवित्त केन्द्र र सेवाकेन्द्रको विवरण :

क्र.सं.	पुरस्कार तथा सम्मान	सम्मानित व्यक्तित्व	कैफियत
१	वर्ष उत्कृष्ट कर्मचारी	बिजय गुरुङ्ग	रु.१५ हजार र सम्मान पत्र
२	वर्ष उत्कृष्ट सदस्य	गंगाबहादुर गुरुङ्ग	रु.५ हजार र सम्मान पत्र
३	वर्ष उत्कृष्ट सदस्य	बिन्दु कुमारी गुरुङ्ग	रु.५ हजार र सम्मान पत्र
४	उत्कृष्ट बाल बचतकर्ता	आशिष क्षेत्री	रु.२ हजार र शैक्षिक सामाग्री
५	उत्कृष्ट लघुवित्त केन्द्र पुरस्कार प्रथम	फिरफिरे रोयल केन्द्र, कास्की	रु.५ हजार र सम्मान पत्र
६	उत्कृष्ट लघुवित्त केन्द्र पुरस्कार द्धितिय	लालिम रोयल केन्द्र, तनहुँ	रु.३ हजार र सम्मान पत्र
७	उत्कृष्ट लघुवित्त केन्द्र पुरस्कार तृतिय	जयभूमी रोयल केन्द्र कास्की	रु.२ हजार र सम्मान पत्र
८	उत्कृष्ट सेवाकेन्द्र	दुलेगौंडा सेवाकेन्द्र तनहुँ	प्रमाणपत्र र दोसल्ला

६.२) आ.व. २०७९/०८० को महिना उत्कृष्ट सदस्यहरुको विवरण :

संस्थाले हरेक महिना चारवटै कार्यालय र लघुवित्त विभागबाट एक/एक जना गरि जम्मा ५ जना सदस्यलाई निजहरुको कारोबार,नयाँ सदस्य सिफारिस, संस्थामा उपस्थिति र संस्थालाई प्रदान गर्ने सुझावहरु समेतको आधारमा उत्कृष्ट घोषणा गरि सम्वन्धित कार्यालयमा आमन्त्रण गरि सम्मान गर्ने गरिएको छ । उत्कृष्ट सदस्यहरुको नामावली यसप्रकार रहेका छन् ।

महिना	प्रधान कार्यलय	दुलेगौडा सेवाकेन्द्र	भण्डारढिक सेवाकेन्द्र	मोहरिया सेवाकेन्द्र	लघुवित्त कार्यक्रम
श्रावण	पुर्णलाल श्रेष्ठ	भरत पौडेल	ओम कुमारी गुरुङ्ग	रामचन्द्र बराल	मायाकुमारी पोखरेल
भाद्र	सिरशोभा गुरुङ	गम्भिर सिंह गुरुङ्ग	दुर्गा पौडेल	रामराज बन्जरा	युमाया गुरुङ्ग
अशोज	गंगा बहादुर गुरुङ	सिन्धु राना	लेख बहादुर गुरुङ्ग	कृष्णकुमारी रानाभाट	कमला परियार
कार्त्तिक	नुममाया सिंजाली	सर्मिला श्रेष्ठ	नर बहादुर सुनार	भोज कुमारी गुरुङ	अमृता लामिछाने
मंसिर	नारायण श्रेष्ठ	सन्ध्या रुचाल नेपाली	कर्ण बहादुर गुरङ्ग	हरिकला थापामगर	अनिता राई
पौष	बालकृष्ण गुरुङ	वृद्धि बहादुर खत्री	मीना कुमारी गुरुङ्ग	सन्दिप तिमिल्सिना	ज्ञानु माया वि.क.
माघ	टो माया घले	मनु राना मगर	राम कुमारी गुरुङ्ग	चाँदनी भुँगाई	ईश्वरी जि.सी.घर्ती
फागुन	सन्तोष सापकोटा	चन्द्रमाया गुरुङ्ग	जगनकाजी गुरुङ्ग	सिन्धुकुमारी लामिछाने	मीनाकुमारी गुरुङ्ग
चैत्र	अर्जुन प्र तिमिल्सिना	चुन कुमारी सुनार	दिलमाया कलाल	शुशिला सुनार	सविना बराल
बैशाख	इश्वर प्रसाद लम्साल	मुना गुरुङ्ग	चन्द्र बहादुर गुरुङ्ग	निलम गुरुङ्ग	लक्ष्मी सिग्देल
जेठ	विन्दु कुमारी गुरुङ	लक्ष्मी श्रेष्ठ	बिमला गुरुङ्ग	राम प्रसाद सुवेदी	सरस्वती बाँस्तोला
आषाढ	संगीता श्रेष्ठ	खिमबहादुर कुँवर	जमुनादेवी गुरुङ्ग	सुजन पौडेल	मायादेवी सापकोटा

६.३) कर्मचारीहरुको लगनशीलता र निरन्तर सेवाको उचित मूल्यांकन गर्दै संस्थाको सेवामा थप उर्जाशील बनाउन संस्थामा कार्यरत कर्मचारी मध्ये १० वर्षे सेवावधि पुरा गरेका १४ जना कर्मचारीहरुलाई यस वर्षबाट कदर स्वरुप **दशक सेवा पदकबाट** कदर पत्र प्रदान गर्ने निर्णय गरिएको छ । कदर पत्रबाट सम्मानित हुने कर्मचारीहरु यसप्रकार रहेका छन् ।

सि.नं.	कर्मचारीको नाम	पद	तह	नियुक्ती मिति
१	मीलन ढकाल	मुख्य प्रवन्धक	नवौ	२०५६-०४-०१
२	परमेश्वर दाहाल	प्रवन्धक	आठौ	२०५६-०४-०१
३	उमनाथ आचार्य	अधिकृत	सातौ	२०५६-०४-०१
४	अभिषेक गुरुङ्ग	अधिकृत	सातौ	२०६९-०१-०१
५	डिल कुमारी गुरुङ	वरिष्ठ सुपरिवेक्षक	पाँचौ	२०६५-११-११
६	देवी गुरुङ्ग	सुपरिवेक्षक	पाँचौ	२०६७-०४-०१
७	टंक बहादुर गुरुङ्ग	सुपरिवेक्षक	पाँचौ	२०७०-०१-०१
८	सन्तोष पौडेल	सुपरिवेक्षक	पाँचौ	२०६९-०१-०१
९	सरिता ढकाल बराल	सुपरिवेक्षक	चौथो	२०५६-०४-०१
१०	डिल्लीराम ढकाल	सुपरिवेक्षक	चौथो	२०५७-०४-०१
११	श्रीधर आचार्य	सुपरिवेक्षक	चौथो	२०५७-०४-०१
१२	दीपा ठकुरी	सहायक सुपरिवेक्षक	चौथो	२०६८-११-०१
१३	ज्ञानु महत बोहोरा	सहायक	तेस्रो	२०६९-०१-०१
१४	नारायण सुवेदी च्वाई	म्यासेन्जर	विहिन	२०७०-०१-०१

७) क्षमता अभिवृद्धि सम्वन्धि गतिविधी :

७.१) संस्थाले गत वर्षहरुमा जस्तै यस वर्ष समेत समुदायका सदस्य, संस्थाका सदस्य, कर्मचारी र समिति उपसमितिलाई लक्षित गरि विभिन्न विषयका तालिम तथा गोष्ठीहरुमा सहभागिता गराएको छ। यस वर्ष संस्थाले आयोजना गरेको र विभिन्न तालिम तथा गोष्ठीमा भएको सहभागिताको विवरण यस प्रकार रहेका छन् ।

क्र.सं.	तालिमको नाम र स्थान	सहभागिता विवरण
१	सदस्य शिक्षा तथा बिस्तारित मञ्च	२३८३ जना सदस्यहरु
२	महिला उद्यमीसंग अन्तरकृया कार्यक्रम	५६ जना सदस्यहरु
३	विद्यार्थीसंग पोखरा रोयल	८५ जना विद्यार्थीहरु
४	वित्तीय तथा प्रविधी साक्षरता गोष्ठी	१७० जना विद्यार्थीहरु
५	समिति/कर्मचारीहरुको क्षमता विकास तालिम	११० जना
६	वित्तीय सुरक्षा र सहकारी	चारभञ्ज्याङ तमु समाजका ६५ जना सदस्यहरु
७	१०० यूथ सहकारी दुत गोष्ठी	१५० जना
८	नीति तथा कार्यक्रम र बजेट गोष्ठी	४५ जना
९	रोयल फाउण्डेसनमा सहभागिता	७४३ जना

८) सदस्य सेवा र सामुदायिक गतिविधी :

८.१) रोयल फाउण्डेसन मार्फत ७५ वर्ष उमेर पुगेका ज्येष्ठ सदस्यहरुलाई वार्षिक रुपमा पेन्सन प्रदान गर्दै आएका छौं । यो वर्ष ३५ जना सदस्यहरुलाई रु. ५ हजारका दरले पेन्सन प्रदान गरिएको छ ।

८.२) जन्मैदेखि बोल्न र सुन्न नसक्ने शुक्लागण्डकी नगरपालिका वडा नं.११ का शेयर सदस्य सीता परियारका ४ वर्षे छोरा प्रमिश परियारको स्वास्थ्य उपचारका लागि सहयोग स्वरुप रु.५० हजार नगद सहयोग गरिएको छ भने लामो समयदेखि क्यान्सर रोगबाट ग्रसित पोखरा वडा नं २९ भण्डारढिक निवासी ३३ वर्षीय हिमकुमारी आलेको उपचारार्थ रु.४५ हजार ५ सय ११ नगद सहयोग गरिएको छ। रकम संकलन गर्ने क्रममा समिति उपसमिति र कर्मचारीहरुबाट भएको सहयोग प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

८.३) पोखरा अन्तराीष्ट्रय विमानस्थलबाट पहिलोपटक हवाई उडानको अवसरमा पोखरा महानगरपालिकाको आव्हानमा बुद्धचोकदेखि अमरसिंह चोक सम्मको राजमार्ग सडक खण्डमा सरसफाई कार्यक्रम सम्पन्न गरिएको ।

८.४) युवा सदस्यहरुलाई सहकारीमा आकर्षण गर्नका लागि **१०० यूथ सहकारी दुत** कार्यक्रम आयोजना गरि १०० जना युवा सदस्यहरुलाई सहकारीको आधारभूत ज्ञान तथा सिप प्रदान गरिएको छ ।

८.५) संस्थाको गतिविधीहरु समेटिएको सहकारी समाचारको बुलेटिन प्रकासन गरिएको छ ।

८.६) ग्लोवल मनी वीक सप्ताहको अवसरमा सप्ताहव्यापी कार्यक्रम मार्फत युवा विधार्थीहरुसंग अन्तरसंवाद कार्यक्रम र हप्ताभरि कार्यालयमा आउने १८८ जना युवा सदस्यहरुलाई सम्मान तथा स्वागत गरिएको छ ।

८.७) कर्मचारीहरुलाई मानसिक थकानबाट मुक्त गर्नका लागि अन्तर कर्मचारी ब्याडमिन्टन प्रतियोगिता सम्पन्न गरेका छौं, त्यसरी नै कर्मचारीहरु बीच क्षमता अभिवृद्ध गर्न **सुन्दर भविष्यको लागि बचत** भन्ने शिर्षकमा अन्तर कर्मचारी निवन्ध प्रतियोगिता सम्पन्न गरिएको छ ।

८.८) विद्यार्थी उमेर समूहदेखि नै वित्तीय शिक्षा प्रदान गर्ने हेतुले **विद्यार्थीसंग पोखरा रोयल** कार्यक्रम अर्न्तगत जनप्रकाश मा.वि.पोखरा २९ मा ८५ जना विद्यार्थीहरुसंग सहकारी र डिजिटल वित्त सम्वन्धमा एकदिने अन्तरकृया गरिएको छ। साथै कालिका मा.वि.पोखरा र बाल विद्या मा.वि. तनहुँका विद्यार्थीहरुलाई संस्थामा आमन्त्रण गरि सहकारीको सेवा बारे जानकारी गराईएको ।

८.९) स्थानीय निर्वाचन तथा आम निर्वाचन २०७९ बाट निर्वाचित संस्थाका सदस्य जनप्रतिनिधीहरु २ जना प्रदेश सांसद, १ जना गाँउपालिका उपाध्यक्ष सहित महानगर कार्यपालिका सदस्य, नगर तथा गाँउ पालिकाका वडा अध्यक्ष तथा सदस्यहरु गरि २८ जनालाई सम्मान सहित अन्तरकृया गरिएको ।

८.१०) संस्थामा तरलता व्यवस्थापन गर्न **मिसन १०० अभियान** मार्फत बचत वृद्धि र तरलता वृद्धि गरिएको । अभियानमा २३२ जना सदस्यहरुको सहभागिता रहेको ।

८.११) सामाजिक उत्तरदायित्व बहन गर्दै नेपाल रेडक्रस सोसाईटी कास्की शाखाद्धारा निर्माण थालिएको बहुउद्धेश्यीय भवनको सहयोगार्थ रु.१ लाख ११ हजार १ सय ११ आर्थिक सहयोग गरिएको ।

९) अन्तर सहकारी सम्वन्ध कार्यक्रम :

९.१) सदस्य तथा आम नागरिकहरुलाई वित्तीय क्षेत्रको समसामयिक विषयहरुमा चेतना फैलाउने उद्धेश्य बमोजिम चन्द्रागिरि साकोस काठमाडौ र संस्थाको संयुक्त पहलमा सामाजिक सञ्जाल मार्फत

सन्देशमूलक सामाग्री प्रेषित गरिएको ।

९.२) सहकारी विकास बोर्डको छनौटमा परि संस्थाले गरेको असल अभ्यास र सफल उद्यमी सदस्यहरुको व्यवसायिक गतिविधी समेटेको **सहकारी दर्पण** कार्यक्रमको छायांकन गरि नेपाल टेलिभिजनबाट प्रशारण गरिएको ।

९.३) सहकारी संस्थाको असल अभ्यासहरुलाई आदान प्रदान गर्ने हेतुले कोशी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, गढवा गाँउपालिका दाङको नेतृत्वमा आएका सहकारी टोली, इन्द्रावती गाँउपालिका, सिन्धुपाल्चोकको नेतृत्वमा आएका सहकारी टोली, जिल्ला सहकारी संघ लिमिटेड चितवनको नेतृत्वमा आएका सहकारी टोली लगायत विभिन्न जिल्लाबाट आएका एक दर्जन बढी सहकारी संघ/संस्थाका प्रतिनिधीहरुसंग अन्तरसंवाद कार्यक्रम सम्पन्न गरिएको ।

९.४) गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय पोखराका रजिष्ट्रार लगायतका प्रतिनिधीहरु, नेपाल सहकारी पत्रकार समाज (सिजेएन) को नेतृत्वमा आएका २० जना पत्रकारहरु समेत संग सहकारीले हासिल गरेका सफलताका कथा र भावी चुनौतीको बारेमा छलफल तथा अन्तरकृया सम्पन्न गरेको ।

९.५) सहकारी विभाग, सहकारी रजिष्ट्रारको कार्यालय पोखरा, पोखरा महानगर पालिका, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैक, नेफ्स्कून, जिल्ला स्थित सहकारी संघहरु र सिएमसि कास्कीसंग सहकारीको विद्यमान समस्या र समाधानका बारेमा विविध अन्तरसंवाद कार्यक्रम संचालन गरिएको ।

१०) संक्षेपीकरण र धन्यवाद ज्ञापन :

आदरणीय सदस्य महानुभावहरु, समग्रतामा यो वर्ष विविध अनुकुलताका बीच पनि हाम्रो लागि सफलताको वर्षका रुपमा रहेको छ । हामीले सदस्य वृद्धि र कुल सम्पत्ति वृद्धि संगै सञ्चालन नाफामा समेत वृद्धि गर्न सफल भएका छौं । यसबाट सदस्य महानुभावहरुको लाभांश दरमा समेत वृद्धि भएको छ । यो सफलता र साखलाई आगामी वर्षहरुमा कायमै राख्न हाम्रो ध्यान रणनीतिक योजनाका साथ सदस्य सेवा र व्यवसाय वृद्धिमा केन्द्रित गर्नु पर्नेछ । यो अभियानमा प्रत्यक्ष रुपमा साथ सहयोग गर्ने सम्पूर्ण सदस्यज्यूहरु र अहोरात्र खटिने कर्मचारीहरुमा सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं । यसरी नै हामीलाई संधै मार्गनिर्देशन गरिरहने नियामक निकाय, लेखा परिक्षक, सहकारी अभियान र हाम्रो सफलतामा सहकार्य गरिरहने संचार माध्यमप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । चालु वर्षका नीति, कार्यक्रम तथा बजेट सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतज्यूको प्रतिवेदन मार्फत जानकारी हुने नै छ । हामीले यो समिक्षा अवधिमा संस्थाका धरोहरहरु संस्थापक तथा निवर्तमान अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङ्ग, वर्तमान कोषाध्यक्ष गीर बहादुर श्रेष्ठ र पूर्व सञ्चालक देवीकुमारी गुरुङ्ग लगायत अन्य शेयर सदस्यहरु गुमाएका छौं । वहाँहरुको आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । अन्तमा आगामी दिनमा समेत यहाँहरुको यस्तै साथ र सहयोगको अपेक्षा सहित, प्रतिवेदन पारित गरिदिन हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी । जय पोखरा रोयल सहकारी ।

रुद्रकुमारी गुरुङ्ग (मैना)
अध्यक्ष

२२ औं वार्षिक साधारण सभा २०८०

लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक श्री हर्कबहादुर गुरुङद्धारा प्रस्तुत आ.व.२०७९/०८० को वार्षिक समीक्षा प्रतिवेदन

सभाका अध्यक्ष ज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका सदस्य साथीहरु, सल्लाहकार ज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु एवं उपस्थित शेयर सदस्यज्यूहरु, सर्वप्रथम संस्थाको २२ औं वार्षिक साधारण सभामा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु। लेखा तथा सुपरिवेक्षण समिति सहकारी संस्थाको विकास एवं प्रवर्द्धनका लागि एउटा महत्वपूर्ण अंग हो। सहकारी संस्थामा भए गरेका काम र निर्णयहरुको समीक्षा गरि त्यसको सत्य तथ्य प्रतिवेदन शेयर सदस्यहरु माझ ल्याउनु समितिको कर्तव्य पनि हो। २० औं वार्षिक साधारण सभाबाट विधिवत रुपमा हामीले आफ्नो कार्यभार सम्हाले पश्चात नियमित रुपमा संस्थाको आन्तरिक परिक्षणको कामलाई सम्पादन गर्दै आईरहेका छौं। आज म यस सम्मानित सभामा नियामक निकायले मार्गनिर्देश गरेको ढाँचामा समितिको तर्फबाट आर्थिक वर्ष २०७९/०८० को वार्षिक समीक्षा प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु।

१. सहकारी संस्थाको संक्षिप्त विवरण :

संस्थाको नाम : पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

कार्यक्षेत्र : कास्की, स्याङ्गजा, तनहुँ, लमजुङ र पर्वत जिल्लाभर

ठेगाना : प्रधान कार्यालय : पोखरा महानगरपालिका वडा नं. १० बुद्धचोक कास्की

सेवाकेन्द्रहरु :

१.१) शुक्लागण्डकी नगरपालिका वडा नं.४ दुलेगौंडा तनहुँ

१.२) पोखरा महानगरपालिका वडा नं.२९ भण्डारढिक कास्की

१.३) पोखरा महानगरपालिका वडा नं. ३० मोहरिया कास्की

संस्थाले गर्ने मूख्य कारोबार : बचत तथा ऋण

अन्य गतिविधी तथा कारोबार : विप्रेषण, वीमा, लघुवित्त र सामाजिक गतिविधिहरु

२. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

२.१ संस्थाको २१औं वार्षिक साधारण सभा मिति २०७९ आश्विन ३ गते प्रारम्भ भई २०७९ आश्विन ८ गते सम्पन्न भएको छ। एकाईगत रुपमा सम्पन्न भएको वार्षिक साधारण सभाले विभिन्न विषयमा ११ वटा महत्वपूर्ण निर्णयहरु पारित गरेको छ। सभाले पारित गरेको निर्णयहरुको कार्यान्वयन पक्ष उत्साहजनक र राम्रो छ। संस्थाले लिएको वार्षिक लक्ष्य हासिल गरेको छ। सभाको निर्देशन बमोजिम संस्थाको गतिविधीहरु प्रविधीमैत्री बन्दै गईरहेको पाईन्छ। सभाको निर्णयको पालना गर्दै युवा सदस्यहरुमा कार्यक्रम केन्द्रित भएको छ, खर्चमा न्यूनीकरण गरिएको छ। वार्षिक साधारण सभाको खर्चलाई व्यवस्थित गरिएको छ। सदस्य वृद्धि, शेयर वृद्धि, बचत वृद्धि, ऋण असुली वृद्धि जस्ता क्रियाकलापहरुबाट नाफामा वृद्धि भएको देखिन्छ। यसले लगानीको

प्रतिफलमा समेत वृद्धि हुने देखिएको छ । यस अर्थमा सञ्चालक समिति र व्यवस्थापन रणनैतिक हिसावले अगाडि बढेको पाईन्छ ।

३. आ.व. २०७९/०८० मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

यस अवधिमा सञ्चालक समितिको ३४ वटा बैठक, पदाधिकारीको २ वटा बैठक, लेखा तथा सुपरिवेक्षण समितिको ६ वटा, समिति उपसमितिको संयुक्त बैठक ३ वटा, ऋण उपसमितिको बैठक १५ वटा, उच्च व्यवस्थापन समुहको २५३ वटा बैठक र अन्य उपसमितिहरुको १३ वटा बैठक सम्पन्न भएका छन् । समिति तथा उपसमितिले गरेका अधिकांश निर्णयहरु समयमा नै कार्यान्वयन भएको छ ।

४. ऋण लागानीको प्रक्रिया, अवस्था ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

४.१ संस्थामा प्राप्त ऋण निवेदन उपर सूचिकृत प्राविधिक, सम्वन्धित कर्मचारी र ऋण उपसमितिको टोलीले स्थलगत रुपमा धितो तथा परियोजना स्थलको निरीक्षण गर्ने गरिएको छ । निरीक्षण पश्चात मूल्यांकन प्रतिवेदनका आधारमा सञ्चालक समिति, ऋण उपसमिति, उच्च व्यवस्थापन समुह, र कार्यालय प्रमुखले आफ्नो क्षेत्राधिकार भित्रको ऋण निर्णय गरि सम्वन्धित कार्यालयबाट धितो वन्धक तथा रोक्का राखी लगानी गरेको छ । संस्थाले लगानी गर्दा घर, जग्गा तथा सवारी साधन र बचत निक्षेप खाता रोक्का राखी लगानी गर्ने गरेको छ भने ३ लाख सम्मको समुह जमानत ऋण लघुवित्त मार्फत लगानी गर्ने गरेको छ ।

४.२ ऋण शाखाबाट प्राप्त जानकारी बमोजिम समीक्षा अवधिमा ऋण लिने सदस्य १४८१ जना देखिन्छ । गत वर्षको तुलनामा यो संख्या ३१ जनाले घटेको छ । यस अवधि सम्म आईपुग्दा कुल १ अर्ब ७६ करोड २३ लाख ऋण लगानी भएको छ । संस्थाले लामो समय सम्म उच्च दरमा तरलता व्यवस्थापन गर्नु परेको र खराब ऋण असुली गरेको साथै स-साना ऋणमा प्राथमिकता गरेको कारण ऋण लगानीमा समेत संकुचन भएको देखिन्छ । हाल संस्थामा खुद ऋणको अनुपात भने ७३.९९ देखिन्छ । जुन पर्ल्स विश्लेषणको हिसाबमा समेत राम्रो सुचकको रुपमा लिन सकिन्छ । संस्थामा हाल कुल ऋणमा ७.७८ प्रतिशत भाखा नाघेको ऋण रहेको पाईयो ।

५. यस अवधिमा भएका मूख्य कार्यक्रम तथा गतिविधीहरुको समीक्षा :

५.१ समीक्षा अवधिमा सामाजिक उत्तरदायित्व वहन गर्दै संस्थाले थुप्रै कार्यहरु सम्पन्न गरेको छ । संस्थामा तरलता वृद्धि गर्न मिसन १०० अभियान सञ्चालन गरि बचत वृद्धि गरेको छ । युवा सदस्यहरुलाई सहकारीको बारेमा प्रशिक्षित गराउने उद्धेश्यले १०० युथ, सहकारी दुत गोष्ठी सम्पन्न गरेको छ । जनप्रकाश मा.वि.का ८५ जना विद्यार्थीहरुलाई वित्तीय साक्षरता र डिजिटल साक्षरता विषयमा अभिमूखीकरण गरिएको छ । ग्लोवल मनी वीक अर्न्तगत युवा विद्यार्थीहरुसंग अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ । क्यान्सर पिडित सदस्य र बोल्न नसक्ने बालकलाई आर्थिक सहयोग प्रदान गरेको छ । जनप्रतिनिधी सदस्यहरुको सम्मान र पत्रकारहरु संगको अन्तरकृया जस्ता कार्यहरु यस वर्षका प्रमुख गतिविधीको रुपमा पाईयो । समग्रतामा यस वर्ष

सम्पन्न कार्यक्रमले संस्थाको छबि उच्च बनाएको र संस्थालाई समुदायमा परिचित गराएको पाईयो ।

६. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :

६.१ यस अवधिमा संघीय सहकारी विभाग, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय पोखरा, पोखरा महानगरपालिकाबाट सहकारी संघ संस्थाहरुलाई सहकारी ऐन नियमावलीको परिधिभित्र रहेर सञ्चालन हुन र ऋणी सदस्यहरुलाई समयमा नै ऋण चुक्ता गर्नका लागि विशेष निर्देशन र मार्गदर्शन जारी गरेको छ । संस्थाले यस सम्वन्धमा सञ्चालक समिति र कर्मचारी व्यवस्थापनलाई जानकारी गराई सो सम्वन्धी आवश्यक कदम चालेको पाईन्छ । साथै समयमा ऋणको साँवा तथा किस्ता चुक्ता नगर्ने सदस्यहरुलाई रजिष्ट्रारको कार्यालयबाट प्राप्त निर्देशनको छाँया कपि समेत प्रदान गरि जानकारी गराईएको पाईयो ।

७. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :

७.१ सहकारीको नियामक निकाय तथा सहकारी संघहरुले समय समय दिएको निर्देशन तथा सुझावहरुलाई पुर्णरुपमा समयमा नै पालना गरेको पाईन्छ । साथै पालना गरेको विषयहरु सम्वन्धित निकायहरुमा जानकारी गर्ने गरेको समेत पाईयो ।

८. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

८.१ संस्थाको पदाधिकारीहरुलाई नियमित रुपमा पारिश्रमिक वितरण गरिएको छैन ।

८.२ साधारण सभाको निर्णय बमोजिम समिति, उपसमिति तथा सल्लाहकारहरुलाई नियमानुसार बैठक बसेको समयमा बैठक भत्ता वितरण गरिएको छ ।

९. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

९.१ साधारण सभाबाट पारित मानव संसाधन नीति भए/नभएको : मानव संसाधन नीति २०७९ लागु भएको छ ।

९.२ मानव संसाधन नीति प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याईएको छ ।

९.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : भएको छ ।

९.४ कर्मचारी भर्ना प्रकृया पारदर्शिता र प्रतिष्पर्धी छ । सञ्चालक समितिले ३ जनाको कर्मचारी पदपूर्ति उपसमिति मार्फत लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा लिई, कर्मचारी नियुक्ती गर्ने गरेको छ ।

९.५ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको : कार्यबोझ र तादम्यता मिलेको छ, संस्थाको प्रधान कार्यालय, सेवाकेन्द्रहरु साथै विभागीय जिम्मेवारीमा रहेका कर्मचारीहरुलाई समय-समयमा आवश्यकता बमोजिम विभाग हेरफेर गरि कार्यबोझ मिलाउने गरेको पाईन्छ ।

९.६ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :

व्यवस्थापन प्रमुखको योग्यता एम.ए./एम.बि.ए.साथै सहकारी व्यवस्थापनमा २५ वर्ष बढीको

अनुभव रहेको छ । नीति निर्माण, नयाँ परियोजना निर्माण, परिस्थिति विश्लेषण तथा संस्थागत समस्या समाधान गर्ने सवालमा उत्कृष्ट नतिजा दिन सक्ने क्षमता रहेको ।

९.७ कर्मचारीहरुको जम्मा संख्या र नियुक्तीको प्रकार :

जम्मा कर्मचारी संख्या	नियमित रोजगारी	कार्यगत रोजगारी
४३	४१	२

१०. समिति, सल्लाहकार, उपसमिति र कर्मचारीहरुले लिएका ऋणको विवरण र भाखा नाघेको अवस्था :

विवरण	समिति	सल्लाहकार	उपसमिति	कर्मचारी
जम्मा संख्या	११	३	३०	४३
ऋण लिएको	४	०	३	२२
भाखा नाघेको संख्या	०	०	०	०

संस्थामा रहेका समिति, सल्लाहकार, उपसमिति र कर्मचारीहरुले नियम बमोजिम ऋण सेवा उपभोग गरिहनुभएको छ र कसैको पनि भाखा नाघेको ऋण छैन ।

११. लेखा समितिले यस अघि दिईएका सुझावहरुको कार्यान्वयनको अवस्था :

लेखा समितिले विभिन्न समयमा सञ्चालक समिति मार्फत विभिन्न सुझावहरु दिइएकोमा ति सुझावहरुलाई सहज रुपमा ग्रहण गरेको छ । सञ्चालक समिति मार्फत व्यवस्थापन तर्फ दिइएको सुझावहरु समेत कार्यान्वयन भएको हामीले पाएका छौं । ऋण असुली तर्फ दिईएका सुझावहरुका सन्दर्भमा कतिपय सदस्यहरुले आर्थिक मन्दीका कारण व्यापार व्यवसायमा भएको सुस्तताका कारण किस्ता तथा ब्याज नियमित गर्न नसकेको भनि भाखा नाघेको ऋणमा लक्ष्य बमोजिम प्रगति हासिल हुन सकेको छैन । यस सम्वन्धमा कडाईका साथ ऋण असुली गरि सदस्यहरुको बचतको सुरक्षा गर्न सुझाव दिईन्छ ।

१२. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

१२.१ लेखाको हिसाब प्रचलित दोहोरो लेखा प्रणाली तथा आधुनिक सफ्टवेयर सि.वि.एस (कोर बैकिङ प्रणाली) को माध्यमबाट स्पष्टसँग राखिएको छ । यस वर्ष देखी पुरानो फिनयाक्ट सफ्टवयर परिवर्तन गरि नयाँ आधुनिक प्रिमियम सफ्टवेयर मार्फत लेखा प्रणाली राखी व्यवस्थापन गरिएको छ ।

१२.२ स्थिर सम्पत्तिको मुल्यमा विगतमा जस्तै ह्रासकट्टी गरि खुद बाँकी रकम देखाइएको छ भने लेखा सम्बन्धित शिर्षकहरु लेखा नीति अन्तर्गत रही स्पष्ट संग राखिएको छ ।

१२.३ सहकारी विभागद्धारा जारि सम्पत्ती शुद्धिकरण निवारण निर्देशिका बमोजिम कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको छ । कार्यान्वयन अधिकारीले टिटिआर/एसटिआर प्रतिवेदनहरु नियमित रुपमा सम्बन्धित निकायमा पठाउने गरेको र हरेक ६/६ महिनामा सञ्चालक समितिमा छलफल गर्ने गरेको छ ।

१२.४ संस्थामा भए गरेका गतिविधी र सदस्यहरुको गुनासो व्यवस्थापन गर्ने कार्यको लागि सूचना तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

१२.५ संस्थाले सतप्रतिशत सदस्यको डाटा कोपोमिसमा इन्ट्री गरेको र कोपोमिस मार्फत नै प्रतिवेदनहरु पठाउने गरेको पाईयो । यसैगरि अधिकांश सदस्यको सदस्य पहिचान फारम (Know Your Member KYM) भरि व्यवस्थित गरेको पाईयो ।

१२.६ पर्ल्स अनुगमन बमोजिम हिसाब परिक्षणमा संस्थाको अधिकांश सूचकांकहरु सकारात्मक रहेका छन् । संस्थाको वित्तीय स्वास्थ्य परिक्षण गर्न कर्मचारी व्यवस्थापनले साप्ताहिक, मासिक, त्रैमासिक र वार्षिक रुपमा पर्ल्स विश्लेषण गरि सञ्चालक समितिमा पेश गर्ने गरेको पाईयो ।

१२.७ आयकर ऐन बमोजिम संस्थाले बुझाउनु पर्ने सबै प्रकारको करहरु समयमा नै दाखिला गरि ईटिडिएस समेत गरेको छ ।

१२.८ आन्तरिक लेखापरिक्षणका क्रममा सोधनी भएका कुराहरुको कर्मचारी व्यवस्थापनबाट स्पष्ट जानकारी पाइयो । प्रधान कार्यालय र सेवाकेन्द्रहरुको अन्तर सम्वन्ध र व्यवस्थापकीय सञ्चालन व्यवस्थित रहेको पाईयो ।

१२.९ सञ्चालन बचत (नाफा) भएको रकमलाई विनियम अनुसार बाँडफाड गरिएको छ र बाँडफाड गरि बाँकी रहेको रकम वर्षको अन्त्यमा साधारण जगेडाकोषमा रकमान्तर गर्ने गरिएको छ ।

१२.१० सञ्चालक समितिले आवश्यकतानुसार लेखा तथा सुपरिवेक्षण समितिलाई संयुक्त बैठकमा आमन्त्रण गरि आफ्ना राय सुझावहरु प्रस्तुत गर्ने एवं जानकारी लिने अवसर प्रदान गरेको छ ।

१२.११ व्यवस्थापनले संस्थाको आर्थिक प्रशासन नियमावली र स्वीकृत बजेटको अधिनमा रही खर्च गर्ने गरेको छ ।

१२.१२ असल ऋण लाई १ प्रतिशत, १ वर्ष सम्म भाखा नाघेको ऋणलाई ३५ प्रतिशत र १ वर्ष भन्दा बढी भाखा नाघेको ऋणलाई १०० प्रतिशत ऋण नोक्सानी कोषको व्यवस्था गरेको पाईयो ।

१२.१३ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.ले सञ्चालन गरेको पूर्ण तथा व्यवसायिक साकोस विकास (प्रोवेशन) कार्यक्रमले संस्थागत विकासमा टेवा पुगेको देखिन्छ ।

१२.१४ लेखा तथा सुपरिवेक्षण समितिको सिफारिसमा सञ्चालक समितिले विनय फुयाँल एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट विनय फुयाँललाई आन्तरिक लेखापरिक्षण नियुक्ती गरि निजले समय समयमा दिएको सुझाव समेत समिति र व्यवस्थापनले पालना गरेको पाईयो ।

१३ लेखा सुपरिवेक्षण समितिको सुझावहरु :

१३.१ संस्थाको परिकल्पना बमोजिम सदस्य सन्तुष्टिलाई ध्यान दिदै दिगो सहकारी निर्माणमा आवश्यक ध्यान दिनुपर्ने देखिन्छ ।

१३.२ वर्तमान वित्तीय बजारमा देखा पर्ने गरेको अधिक तरलता र न्यून तरलताको समस्यालाई दीर्घकालिन रुपमा समाधान गर्न नियमित मासिक बचतलाई वृद्धि गर्न र ऋण सेवालाई सरलीकृत गर्न र ऋणी सदस्यलाई धन सिर्जना गर्ने खालको गतिविधीमा लगानी प्रोत्साहन गर्न सुझाव दिईन्छ ।

१३.३ लेखालाई नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप व्यवस्थित गर्न आवश्यक तयारी तथा रणनीति बनाउन समितिलाई सुझाव प्रदान गरिन्छ ।

१३.४ हालको वित्तीय बजार अझैपनि तरल अवस्थामा रहेको, सहकारी प्रति हेर्ने दृष्टिकोण सकारात्मक हुन नसकेको सन्दर्भमा सम्पूर्ण सदस्य महानुभावहरुमा संस्थाको सवल पक्षहरुको वकालत गर्दै संस्थाको गरिमा र साखलाई थप मजवुद बनाउन आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्न हार्दिक अपिल गर्दछौं ।

१३.५ संस्थाको गतिविधीलाई स्वतन्त्र रुपमा मूल्यांकन गर्न सामाजिक परिक्षण र सिस्टम परिक्षण गर्न सुझाव दिईन्छ ।

१३.६ गत वर्ष १ जना सदस्यको गैह्र बैकिङ्ग सम्पत्तीमा रहेकोमा त्यसको व्यवस्थापन गरिएको छ भने यस वर्ष थप २ जनाको गैह्र बैंकिङ्ग सम्पत्तीमा लेखांकन गरिएको छ यसलाई समयमा नै व्यवस्थापन गर्न सुझाव दिइन्छ ।

शेयर सदस्य महानुभावहरु,

हामीले सहकारी विभागले जारी गरेको निर्देशन र संस्थाको विनियमको परिधिभित्र रहेर आन्तरिक लेखा परिक्षण र सुपरिवेक्षणका कामहरु सम्पन्न गरेका छौं । संस्थागत सुशासन कायम गर्दै वित्तीय अनुशासन पालना गर्ने र समिति र व्यवस्थापनलाई थप सक्रिय बनाउने काममा हामीले आफ्नो तर्फबाट सम्पूर्ण ध्यान केन्द्रित गर्दै आईरहेका छौं । समिति, उपसमिति, कर्मचारी र सदस्यहरुको क्रियाशिलताले यस वर्ष आशातित प्रतिफल हासिल गर्न सफल भएको छ । हाम्रो यात्रा अझै टाढा सम्मको भएकोले यो गतिलाई अझै बढाउनु जरुरी छ । आगामी दिन अझै सदस्यमूखी गतिविधी मार्फत वासलातको आकार वृद्धि र सदस्यको सन्तुष्टिको ग्राफ बढ्न सकोस, हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं ।

अन्तमा यस काममा सहयोग गर्ने सबैलाई आभार व्यक्त गर्दै प्रस्तुत प्रतिवेदन पारित गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद । जय सहकारी ।

लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट,

	नाम	पद	हस्ताक्षर
१	हर्कबहादुर गुरुङ्ग	संयोजक	....
२	खिमकुमारी गुरुङ्ग	सदस्य	....
३	नारायण सुवेदी	सदस्य	....

२२औं वार्षिक साधारण सभा २०८०

सञ्चालक समितिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री भीमबहादुर गुरुङद्धारा प्रस्तुत

आ.व. २०८०/०८१ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट

सभाका अध्यक्ष ज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्य ज्यूहरु, सल्लाहकार परिषदका सदस्य ज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्य ज्युहरु, वार्षिक साधारण सभामा उपस्थित सदस्य एवं प्रतिनिधीज्यूहरु र सहकर्मी कर्मचारी मित्रहरु । पोखरा रोयल सहकारीको २२औं गरिमामय वार्षिक साधारण सभामा हार्दिक स्वागत अभिवादन गर्दै आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) पृष्ठभूमि तथा विषय प्रवेश :

आज भन्दा ठीक २२ वर्ष अगाडि केहि अगुवा सहकारी कर्मीको पहलबाट हामीले तत्कालिन रोयल कोअपरेटिभ लिमिटेडको क्षेत्रीय कार्यालयलाई स्थानीयकरण गरि पोखरा रोयल सहकारीको नामबाट नयाँ संस्था स्थापना गरेको भर्खर जस्तो लाग्छ । २२औं वार्षिक साधारण सभामा आईपुग्दा झण्डै ९ हजार सदस्य माझ यसले आफ्नो वित्तीय गतिविधी विस्तार गर्न सफल भएको छ । यो लामो यात्रामा हामीले अनेकौ बाधा व्यवधान, समस्या र चुनौतीलाई सामना गर्दै संस्थालाई संधै अग्रणी स्थानमा राख्दै आएका छौं । यतिखेर हामी कोभिड १९ को दीर्घकालिन असर, विश्वव्यापी आर्थिक मन्दी र यसले नेपाली वित्तीय बजारमा पारेको प्रत्यक्ष मारमा संस्थाको गतिविधी सञ्चालन गरिरहेका छौं । **"सुखी सदस्य, दिगो सहकारी"** को परिकल्पनालाई साकार बनाउन हामीले जस्तोसुकै विषम परिस्थितिमा पनि आफ्नो व्यावसायिक कुशलता र संस्थागत सुशासनको माध्यमबाट संस्थाको गतिविधीलाई हजारौं सहकारी माझ एउटा उत्कृष्ट र विश्वसनीय संस्थाको रुपमा पहिचान दिन सफल भएका छौं । सहकारी अभियान निरन्तर चलिरहने व्यावसायिक र सदस्यहरुको मौलिक संगठन हो । हामीले सहकारीको विश्वव्यापी सिद्धान्त र मूल्यमान्यता, नेपाल सरकारको नीति निर्देशन, सहकारी अभियानको मार्गदर्शन र संस्थाको विनियमलाई आत्मसाथ गर्दै विगतका सफलता र सदस्यहरुबाट प्राप्त सुझावहरुलाई समेट्दै यस वर्षको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेका छौं ।

२) आ.व.२०७९/०८० को सिंहावलोकन :

आर्थिक वर्ष २०७८/०७९ को तुलनामा आ.व.२०७९/०८० केहि आशा लाग्दो र सामान्य अवस्थामा रहने प्रक्षेपण गरेका थियौं, तर यो वर्ष समेत निकै चुनौतिपूर्ण र तरल अवस्थामा गुज्रन पुग्यो । सहकारीको मूल्य मान्यता र सिद्धान्त साथै वित्तीय अनुशासन बाहिर गएर सहकारी सञ्चालन गर्ने व्यक्ति र समूहको गलत प्रवृत्तिका कारण सिर्जित नकारात्मक समाचारले नागरिकहरुमा अलमल र अविश्वास पैदा गऱ्यो । महामारीको असर र आर्थिक मन्दीले व्यापार व्यवसाय, कार्यालय र उद्योगधन्दा लामो समय सम्म पनि आफ्नो लयमा फर्कन सकेन, जसको

कारण लगानी संकुचन हुन पुग्यो भने निष्क्रिय कर्जामा समेत अपेक्षित सुधार हुन सकेन, तथापि व्यवस्थापनले लिएको रणनैतिक सुधारको कार्यक्रमले सदस्यहरु माझ आशाको किरण छरेको हामीले पाएका छौं । खासगरि सदस्य केन्द्रित अन्तरसंवाद, मिसन १०० बचत योजना, १०० युथ सहकारी दुत, ऋण असुलीमा गरिएको कडाई र ऋण लगानीमा लिएको नीतिका कारण हाम्रो समग्र वित्तीय अवस्थामा अपेक्षित नतिजा हासिल गर्न सफल भएका छौं । यो संगै सदस्य वृद्धि र शेयर वृद्धि तर्फ सकारात्मक सुचकहरु देखिन थालेका छन् । सदस्यहरुले आफ्नो नियमित बचत लाई पुनः सुचारु गर्न थालेका छन् । फलस्वरुप बचत निक्षेपमा वृद्धि भएको छ । गत वर्षको तुलनामा सञ्चालन नाफामा समेत वृद्धि भएको छ । समग्रतामा आ.व. २०७९/०८० को पूर्वार्द्धमा केहि चुनौतीपूर्ण देखिएता पनि उत्तरार्द्धमा वित्तीय बजारमा केहि सकरात्मक परिवर्तन देखिन थालेको छ । जसलाई हामीले रणनैतिक रुपमा व्यवस्थापन गर्न सफल भएका छौं ।

३) नीति तथा कार्यक्रमको मूख्य क्षेत्र र प्राथमिकीकरण :

३.१) विश्व आर्थिक मन्दी र वित्तीय बजारलाई मध्यनजर गर्दै वित्तीय स्वास्थ्य सुधारमा विशेष ध्यान दिईनेछ ।

३.२) नेपाल सरकारको नीति निर्देशन, सहकारी संघहरुको मार्गनिर्देशनलाई आत्मसात र अनुसरण गरिनेछ ।

३.३) लक्षित वर्ग (युवा, महिला, पेशागत) मा सदस्यता विस्तार गर्ने रणनीति लिईनेछ । **मिसन १०० अवधारणा** बमोजिम सदस्यसंग रोयल अभियान मार्फत वर्षभरि सदस्य केन्द्रित १०० गतिविधी सञ्चालन गरिनेछ ।

३.४) नयाँ सदस्य र नियमित कारोबार गर्ने सदस्यहरुलाई शेयर वृद्धिमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

३.५) हरेक सदस्यको नियमित बचतको सीमा वृद्धि र कुल बचतमा नियमित बचतको हिस्सा वृद्धि गरिनेछ।

३.६) साना तथा मझौला ऋण फाईलहरुलाई प्रोत्साहन गर्ने र एकल ऋण सीमा घटाईनेछ । सदस्यहरुको वित्तीय आचरण, व्यवसाय र आयस्रोतमा आएको परिवर्तनलाई ख्याल राखी ऋणको पुर्नसंरचना गरिनेछ ।

३.७) प्रविधिमैत्री सेवालाई सबै सदस्यको पहुँचमा विस्तार गरिनेछ, प्रविधीको प्रयोग, सुरक्षा र सहजताको लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

३.८) समिति, उपसमितिलाई सदस्य केन्द्रित सामुदायिक गतिविधीमा परिचालन गरिनेछ, मानव संसाधनलाई थप प्रतिस्पर्धी र क्षमतावान बनाईनेछ ।

३.९) आय र व्ययको सन्तुलन कायम गर्दै प्रतिस्पर्धी बजार दर कायम हुने गरि प्रतिफल वितरण गर्ने र ऋण सुरक्षण गर्दै संस्थागत कोषलाई वृद्धि गरिनेछ ।

३.१०) महामारी र मन्दीको असरलाई अवसरको रुपमा रुपान्तरण गरिनेछ । पोखरा रोयललाई समुदायको पहिलो रोजाईको दिगो संस्था बनाईनेछ ।

४) प्रस्तावित कार्यक्रम तथा योजना :

४.१) शेयर सदस्य तथा शेयर पूँजी वृद्धि :

४.१.१) यस वर्ष सदस्य संख्यामा २५ प्रतिशतले वृद्धि गरिनेछ । रु. १० हजार भन्दा कम शेयर भएका सदस्यहरुलाई शेयर वृद्धि गर्न प्रोत्साहन गरिनेछ । हरेक सदस्यलाई **१०० कित्ता शेयर** बनाउन आव्हान गरिनेछ । युवा वर्गलाई सदस्य प्रदान गर्न अनलाईन विधि मार्फत आवेदन गर्न सक्ने व्यवस्था मिलाईनेछ ।

४.१.२) सदस्यलाई सहकारीको वास्तविक अवस्था चिनाउन **सदस्यसंग रोयल अभियान** अर्न्तगत १०० वटा गतिविधी सञ्चाालन गरिनेछ । सदस्य भईसकेको स्थानहरुमा विस्तारित मञ्च कार्यक्रम सञ्चालन गरि सदस्यहरुको समस्या, माग र योजनाहरुलाई सम्वोधन गरिनेछ । यस वर्ष कम्तिमा पनि ५००० सदस्यहरुलाई स्मार्ट कोअप कार्ड प्रदान गरिनेछ । सदस्य कम भएका स्याङ्गजा, लमजुङ्ग र पर्वत जिल्लामा नयाँ सदस्यता विस्तारको लागि विशेष कार्यक्रम लक्षित गरिनेछ ।

४.१.३) संस्थामा कारोबार गरिरहेका सदस्य मध्ये मूल्यांकनको आधारमा बचत कारोबार तर्फ **उत्कृष्ट १००** र ऋण सेवा तर्फ कारोबार गर्ने उत्कृष्ट १०० सदस्यहरुको अलग्गै तथ्यांक संकलन गरि संस्था विकास र समृद्धिको लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

४.१.४) **हरेक महिना, १०० भन्दा कम छैन** अभियान अर्न्तगत प्रत्येक महिना कम्तिमा १०० जना सदस्य वृद्धि गरिनेछ । यसका लागि सम्पूर्ण कर्मचारी, समिति उपसमिति र युवा स्वयंसेवीलाई परिचालन गरिनेछ । यस अभियानलाई सफल बनाउन हरेक सदस्यले वर्षमा एक जना नयाँ सदस्य सिफारिस गर्ने प्रस्ताव गरिएको छ ।

४.२) बचत निक्षेप संकलन तथा व्यवस्थापन :

४.२.१) बचत निक्षेपमा कम्तिमा १० प्रतिशतले वृद्धि गरिनेछ भने **मासिक अनिवार्य बचतको** रकममा वृद्धि गराईनेछ । हरेक सदस्यलाई न्यूनतम १ लाख बराबरको नियमित बचत पुऱ्याउन आव्हान गरिनेछ । मिसन १०० बचत अभियान अर्न्तगत **१०० दिने आवधिक** बचत योजनालाई निरन्तरता दिईनेछ ।

४.२.२) बाल बचत/युवा बचत/वीमा बचत/गहना बचत/सम्पत्ति खरिद बचत जस्ता धन सिर्जना गर्ने शिर्षकहरुमा जोड दिईनेछ । सानै उमेर देखि बचत गर्ने बानी बसाल्न यस वर्ष कम्तिमा पनि ५०० जना छुनुमुनु बचत खाता सञ्चालन गरिनेछ । खाता सञ्चालन गर्ने बाल बालिकालाई निशुल्क खुत्रुके उपलब्ध गराईनेछ ।

४.२.३) बचत गर्ने सदस्यहरुलाई ब्याजको अतिरिक्त संरक्षित पूँजी फिर्ता कोष वितरण गरिनेछ । अनलाईन विधि मार्फत आवेदन गरि खाता सञ्चालनको व्यवस्था गरिनेछ भने सदस्यहरुको माग

बमोजिम सदस्यकै घरदैलो र व्यावसायिक प्रतिष्ठानमा गई सेवा दिने व्यवस्था मिलाईनेछ ।

४.३) ऋण लगानी तथा असुली योजना :

४.३.१.) कुल ऋण लगानी कम्तिमा १० प्रतिशतले वृद्धि गरिनेछ । यस वर्ष थप ८०० जना सदस्यमा ऋण सेवा प्रदान गरिनेछ । भाखा नाघेको ऋणलाई ५ प्रतिशत भित्र कायम गरिनेछ । साना तथा मझौला ऋण फाईलहरुलाई प्राथमिकतामा राखी लगानी गरिनेछ ।

४.३.२.) सदस्यको आयस्रोत हेरी बढीमा २० वर्ष सम्मको भुक्तानी अवधि र ६ महिना सम्मको ग्रेस पिरियडको सुविधालाई निरन्तरता दिईनेछ । यस वर्ष ७० प्रतिशत ऋण सदुपयोगिता जाँच गरिनेछ । उत्पादनमूलक,आयमूलक र कृषि क्षेत्रमा ऋण लगानी केन्द्रित गरिनेछ । ऋण लगानीको नयाँ क्षेत्रहरु जस्तै विद्युतीय सवारी साधन, विद्युतीय सामाग्री, साईकल, हरित परियोजना, प्रोफेसनल ऋण जस्ता ऋण शिर्षकहरुलाई प्रोत्साहन गरिनेछ ।

४.३.३.) असल ऋणी सदस्यलाई तिरेको ब्याजमा ३ प्रतिशत छुट दिने र भाखा नघाएका ऋणीलाई भाखा नाघेको ऋण रकमको ३ प्रतिशत हर्जाना लिने नीतिलाई निरन्तरता दिईनेछ । समयावधि भित्र ऋण भुक्तानी नगर्ने सदस्यहरुलाई कानुनी दायरामा ल्याई ऋण असुली गरिनेछ ।

४.३.४) ऋण लगानीमा अनिवार्य परामर्श, सानो ऋण, आम्दानीको पहिचान, धितोको आधार, उत्पादनमूलक क्षेत्र, वित्तीय साक्षरता र ऋण सदुपयोगिता जस्ता विषयहरुलाई आधार मानी ऋण लगानीको मन्त्रको रुपमा अंगीकार गरिनेछ ।

४.४) सहकारी लघुवित्त कार्यक्रम :

लघुवित्त कार्यक्रमलाई महिलाहरुको वित्तीय साझेदार अभियानको रुपमा लगिनेछ । यस वर्ष कम्तिमा ३० नयाँ केन्द्र स्थापना गरि ४ सय ७५ जना नयाँ सदस्य थप गरिनेछ । त्यसरी नै १६५ जना नयाँ ऋणी सदस्य थप गरि कुल १०२१ जनालाई समुह जमानत ऋण मार्फत लगानी रकम रु.१० करोड पुऱ्याईनेछ । लघुवित्तमा आवद्ध केन्द्र प्रमुखहरुको गोष्ठी गरि अनुभव आदान प्रदान गरिनेछ । समुह जमानत ऋण कार्यक्रममा आवद्ध उत्कृष्ट १०० जना सदस्यहरुलाई निशुल्क शीपमूलक तथा आयमूलक तालिम प्रदान गरिनेछ । युवा सदस्यहरुलाई तालिममा आधारित समुह जमानत ऋणको लागि आवश्यक तालिम र विउपूँजीको व्यवस्था गरिनेछ ।

४.५) प्रविधीमैत्री सेवा :

संस्थाको गतिविधिलाई क्रमशः क्यासलेस, चेकलेस र पेपरलेस बनाउदै लगिनेछ । यस वर्ष थप १००० जनालाई मोबाईल बैकिङ्ग सेवा, २०० जनालाई एटिएम सेवा, १००० जनालाई एस.एम.एस.सेवा र १०० जनालाई क्यूआर कोड सेवामा आवद्ध गराईनेछ । संस्थाको वेबसाईट, यूट्यूब, फेसबुक, टिकटक र इन्स्ट्राग्राम अकाउन्ट मार्फत संस्थाको सेवा र विशेषताहरुको प्रचार प्रसार गरिनेछ । कर्मचारी र सदस्यहरुको कागजात, तथ्यांक भण्डारण सुरक्षण र व्यवस्थापनको

लागि एकिकृत डाटा सेन्टर निर्माण गरिनेछ । संस्थामा प्रयोगमा रहेका आन्तरिक प्राविधिक उपकरणहरुको व्यवस्थापन र क्षमता विस्तार गरिनेछ। संस्थाबाट उपलब्ध हुने सेवाहरुको प्रचार प्रसारको लागि विद्युतीय प्रचार सामग्री निर्माण गरि सदस्य माझ पुऱ्याईनेछ ।

४.६) वीमा तथा सुरक्षा योजना :

सदस्यहरुलाई बचत, सुरक्षा र सेवा दिने अभिप्रायले जीवन तथा निर्जीवन वीमा कम्पनीसंग संस्थागत सम्झौता गरि वीमा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । हाल सञ्चालनमा रहेको सिटीजन लाईफ इन्स्योरेन्स कम्पनी र नेशनल लाईफ इन्स्योरेन्स कम्पनी संगको सेवालाई निरन्तरता दिईनेछ । समुह जमानत ऋण र अन्य ऋण सेवा उपभोग गर्ने सदस्यहरुको लागि बढीमा १० लाख सम्मको जीवन वीमा कार्यक्रममा सहभागी गराईएको छ । आगामी दिनमा ईच्छुक अन्य सदस्यहरुलाई समेत वीमा सेवामा सहभागी गराईनेछ ।

४.७) विप्रेषण सेवा :

संस्थामा आवद्ध सदस्यहरुको लागि विप्रेषण (रेमिट्यान्स) सेवालाई थप प्रभावकारी बनाईनेछ । यस वर्ष ५००० बढी सदस्य तथा सेवाग्राहीलाई रेमिट्यान्स सेवा प्रदान गरिनेछ। रेमिट्यान्सबाट भुक्तानी लिने स्थानीयलाई संस्थाको सदस्य बनाईनेछ । राष्ट्रिय सहकारी बैंकको समन्वयमा अन्तर सहकारी भुक्तानी प्रणालीमा सम्झौता गरि सदस्यहरुको रकमलाई मुलुकभर रकमान्तर गर्न नयाँ प्रणालीको विकास गरिनेछ ।

४.८) क्षमता अभिवृद्धि कार्यक्रम :

संस्थाका सदस्य, समिति तथा कर्मचारीहरुलाई लक्षित गरि विषयगत तालिमहरु सञ्चालन गरिनेछ । नेपाल वित्तीय प्रतिवेदनमान, पर्ल्स विश्लेषण, ऋण व्यवस्थापन, नीतिगत सचेतना, सम्पत्ति शुद्धिकरण, कर व्यवस्थापन, मोबाईल बैंकिङ्ग, आन्तरिक ज्ञान व्यवस्थापन, प्रविधी तथा वित्तीय साक्षरता जस्ता तालिमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । यस वर्ष आन्तरिक तथा बाह्य गरि विभिन्न विषयका ६० वटा अभिमूखीकरण, सचेतना, तालिम तथा गोष्ठीहरु सम्पन्न गरिनेछ ।

४.९) पहुँच बिस्तार तथा अन्तर संघ/संस्था सहकार्य :

संस्थाले हासिल गरेका असल अभ्यास, सफलताको कथा र गतिविधिलाई सरकारी निकाय सहकारी अभियान र गैह्र सरकारी निकायसंग आदान प्रदान गर्न पहुँच तथा सम्वन्ध विस्तार गरिनेछ । संस्थाले संस्थागत सहभागिता गरेका सहकारी संघ र बैंकहरुमा संस्थागत पहुँच विस्तार गरिनेछ । संस्थाको कार्यालय रहेका वडाका सहकारीसंग अन्तर सहकारी सम्वन्ध विस्तार गरिनेछ । सम्भावित सहकारी संग भगिनी सम्वन्ध, एकिकरण प्रयास र व्यावसायिक साझेदारी कायम गरिनेछ । सदस्यहरुको सुविधाको लागि यस वर्ष थप १० वटा व्यावसायिक प्रतिष्ठानहरुसंग सम्झौता गरि सदस्यहरु माझ सूचना संप्रेषण गरिनेछ । छुट सुविधाको लागि रोयल स्मार्ट कार्डको प्रयोगको व्यवस्थापनलाई सरलीकृत बनाईनेछ ।

४.१०) प्रकाशन, प्रसारण तथा उत्पादन :

संस्थाले हासिल गरेका उत्कृष्ट कार्य, गतिविधी र असल अभ्यासहरुलाई सदस्य माझ पुऱ्याउन यस वर्ष कम्तिमा २ वटा सहकारी बुलेटिनको प्रकाशन गरिनेछ। त्यसरी नै सदस्य हाते पुस्तिका,

नयाँ वस्तु तथा सेवाको जानकारीको ब्रोसर, फोटो बुलेटिन आदिको प्रकाशन गरिनेछ । सेभिङ्ग बक्स, झोला, भित्तेपात्रो, कपि, डटपेन, छाता, टिसर्ट, डायरी तथा सामाजिक सञ्जाल मार्फत प्रचार हुने विद्युतीय सामग्रीहरुको समेत निर्माण गरि सदस्य माझ पुऱ्याउने व्यवस्था गरिनेछ । स्वयंसेवी युवा सदस्य मार्फत संस्थाको प्रचार हुने वस्तु तथा सेवाको निर्माण तथा बिक्री वितरण व्यवस्था मिलाईनेछ । संस्थाको वृत्तचित्र र परिचयात्मक भिडियोलाई पुनःउत्पादन गरि सदस्य माझ ल्याईनेछ । उत्कृष्ट सदस्य र नमूना फर्महरुको भिडियो निर्माण गरि समुदायमा प्रसारण गर्ने व्यवस्था मिलाईनेछ ।

४.११) सामाजिक उत्तरदायित्व तर्फ :

४.११.१) पोखरा रोयल सहकारीलाई सदस्य माझ थप परिचित गर्न र समुदायको पहिलो रोजाईको संस्था बनाई राख्न समुदाय केन्द्रित १०० वटा गतिविधी सञ्चालन गरिनेछ । यस वर्ष स्वास्थ्य शिविर, संस्था स्थापना दिवस, ग्लोवल मनी वीक, युवा दिवस, सहकारी दिवस (सरसफाई र अन्तरकृया), महिला गोष्ठी, विद्यार्थी केन्द्रित (वित्तीय साक्षरता), खेलकुद कार्यक्रम, स्वास्थ्यको लागि योग, शैक्षिक छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

४.११.२) सदस्य सम्मान, कर्मचारी सम्मान तथा पुरस्कार जस्ता गतिविधीलाई निरन्तरता दिईनेछ । ज्येष्ठ सदस्यहरुलाई दिईदै आएको पेन्सन सुविधा रोयल फाउन्डेसनको सहकार्यमा सदस्यको घर घरमै उपलब्ध गराईनेछ । समिति/उपसमितिका सदस्य मध्ये एकजना लाई उत्कृष्ट संचालकको पुरस्कारबाट सम्मान गरिनेछ ।

४.११.३) कोभिड १९ का कारण बन्द भएका राष्ट्रिय तथा प्रादेशिक रुपमा दिदै आएको सहकारी पुरस्कारलाई निरन्तरता दिईनेछ । पालिका तथा वडा कार्यालयहरुसंग समन्वय गरेर आवश्यकताका आधारमा थप समुदाय केन्द्रित गतिविधी सञ्चालन गरिनेछ ।

४.११.४)सदस्य पहुँच र आवश्यकताको आधारमा कम्तिमा १०० घरधुरी भएका गाँउ र टोललाई सहकारी संस्कारयुक्त गाँउ निर्माणको लागि आवश्यक नीतिगत र संरचनागत पहलकदमी गरिनेछ ।

अध्यक्ष ज्यू, र उपस्थित सदस्य महानुभावहरु, अब म आ.व.२०८०/०८१ को लागि प्रस्तावित बजेटको प्राथमिक क्षेत्रबारे स्पष्ट गर्ने अनुमति चाहन्छु ।

५) बजेट तयारीको आधार र प्राथमिकीकरण :

५.१) बजेट निर्माण गर्दा गतवर्षको प्रस्तावित बजेट र वास्तविक प्रगति साथै यसको असर र प्रभाव साथै वर्तमान वित्तीय बजार र सरकारले परिवर्तन गरेको नीतिको आधारमा तयार गरिएको छ ।

५.२) संस्थाको नीति तथा कार्यक्रमको आधारमा अनावश्यक खर्चलाई न्यूनीकरण गर्ने नीति लिईएको छ । कुल आम्दानी शीर्षकमा न्यून अंकको मात्र वृद्धि गरिएको छ भने खर्च शिर्षकलाई घटाइएको छ ।

५.३) बचत र ऋण बीचको ब्याजदर फरकता दरलाई सुधार गर्दै आम्दानी र खर्चका सीमालाई सन्तुलन कायम गरि नाफा वृद्धि गर्ने लक्ष्य लिईएको छ । निक्षेप र ऋणको ब्याजदर सामान्य परिवर्तन हुने अनुमान गरिएको छ ।

५.४) लेखाको सामान्य सिद्धान्तलाई अंगीकार गर्दै लेखापरिक्षक र लेखा समितिले दिएको सुझावलाई समेत आधार लिई बजेट तयारी गरिएको छ। गत वर्ष प्राप्त सुझावहरुलाई समेत बजेट निर्माणको आधार बनाईएको छ।

५.५) तरल वित्तीय बजार, आयकर वृद्धि, र आर्थिक मन्दीले पारेको प्रभावले आगामी वर्षलाई समेत प्रतिकुल प्रभाव पार्न सक्ने प्रक्षेपण सहित बजेटको आकार निर्धारण गरिएको छ।

६) अनुमानित बजेट :

आदरणीय अध्यक्ष ज्यू, अब म आ.व. २०८०/०८१ को अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु।

रु हजारमा

क्र.स.	शिर्षक		आ.व. ०७९/०८० अनुमानित	आ.व. ०७९/०८० वास्तविक	आ.व. ०८०/०८१ अनुमानित
१	**व्याज आम्दानी**		२७३,१४२	३०५,०५४	३०३,१६१
	१.१	ऋण लगानी	२५९,६४२	२७१,६०१	२८४,६६१
	१.२	हर्जना व्याज	०	१,६७२	०
	१.३	बैंक तथा वित्तिय संस्था	१३,५००	२८,०६९	१५,५००
	१.४	अन्य/विविध	०	३,७११	३,०००
२	**अन्य आम्दानी**		११,११०	९,१६६	२३१५५
	२.१	प्रवेश शुल्क	१२५	६९	१३०
	२.२	निवेदन दस्तुर	२००	१९५	२००
	२.३	व्यवस्थापन शुल्क	६,४००	६,४३३	५,५००
	२.४	कमिशन(विमा/रेमिटान्स)	७००	३५९	३००
	२.५	घरभाडा	५६५	५६५	५६५
	२.६	लाभांश	५५०	६९५	४००
	२.७	विक्रीबाट प्राप्त आम्दानी	०	३८	०
	२.८	मोवाईल एवं एस एम एस बैंकिङ्ग	१६०	१७४	२००
	२.९	प्रविधि/डेविट कार्ड	२१०	१४३	२००
	२.१०	कर्मचारी वोनस फिर्ता	२,२००	३९९	६१०
	२.१०.१	ऋण सुरक्षण कोष फिर्ता	०	०	१५,०००
	२.१०.२	पुरस्कार	०	०	०
	२.१०.३	अन्य/विविध	०	९५	५०
	कुल आम्दानी		२८४,२५२	३१४,२१९	३२६,३१६

रु हजारमा

क्र.स.	शिर्षक		आ.व. ०७९/०८० अनुमानित	आ.व. ०७९/०८० वास्तविक	आ.व. ०८०/०८१ अनुमानित
१	**व्याज (वित्तिय) खर्च**		१४९,२००	१७३,१४१	१७५,०००
	१.१	वचत/निक्षेपको व्याज	१४९,२००	१७३,१४१	१७५,०००
	१.२	वाह्य ऋणको व्याज	-	-	-
२	**कर्मचारी खर्च**		३३,३८१	३३,५३९	३४,९१६
	२.१	तलव	१७,१२२	१६,७७५	१६,६१८
	२.२	ग्रेड	१,४४३	१,४५२	१,८५४
	२.३	सञ्चयकोष	१,८५७	१,८२३	१,८४७
	२.४	विशेष भत्ता	४,३३५	४,३२१	४,१०४
	२.५	चाडपर्व भत्ता	१,५३३	१,५३३	१,४९७
	२.६	पोशाक भत्ता	१,०७५	१,०७५	१,०७५
	२.७	औषधोपचार भत्ता	१,५४८	१,४८७	१,५४०
	२.८	संचित विदा भत्ता	१,४२३	१,६५०	१,३७१
	२.९	प्रोत्साहन तथा रिर्फसमेन्ट भत्ता	३२५	१५	३४०
	२.१०	उपदान	२,०००	२,६०२	३,८७०
	२.११	कर्मचारी वोनस खर्च	-	-	-
	२.१२	व्यवस्थापन प्रशिक्षार्थी	७२०	८०७	८००
३	**प्रशासनिक खर्च**		२१,५८१	२९,९११	२६,४००
३.१	कार्यालय सञ्चालन खर्च		७,३८१	६,०५०	८,६५०
	३.१.१	पानी	१२०	११५	१५०
	३.१.२	विद्युत	८००	७२९	८००
	३.१.३	घर भाडा	१,३२०	१,३१९	१,५००
	३.१.४	दर्ता नविकरण	१५०	९५	१५०
	३.१.५	पत्रपत्रिका	२५	३९	५०
	३.१.६	ईन्धन	८००	५९९	१,०००
	३.१.७	चिया चिसो	२००	५२	३००
	३.१.८	कार्यालय/मसलन्द	५००	२९३	५००
	३.१.९	अतिथि सत्कार	३००	५३	३००

	३.१.१०	सुचना/शुभकामना/समवेदना	२००	१४६	३५०
	३.१.११	विमा	७००	५४६	७००
	३.१.१२	सरसफाई	३००	२९७	३००
	३.१.१३	आपतकालिन	५०	०	५०
	३.१.१४	कार्यालय सुरक्षा	८१६	८१६	१,२००
	३.१.१५	छपाई स्टेशनरी	७००	८२९	९००
	३.१.१६	स्टेशनरी सामान	३००	११४	३००
	३.१.१७	अन्य/विविध	१००	७	१००
३.२	**व्यवसाय प्रवर्द्धन खर्च**		२,३००	१,३६८	३,६००
	३.२.१	व्यापार प्रवर्द्धन	७००	६००	१,०००
	३.२.२	सामुदायिक सेवा	१००	४९	३००
	३.२.३	अध्ययन अवलोकन भ्रमण	२००	०	७००
	३.२.४	खाताबन्दी	१००	१००	१००
	३.२.५	दैनिक भ्रमण भत्ता	५००	४३८	७००
	३.२.६	तालिम	१००	१३६	२००
	३.२.७	ब्रान्डिङ्ग	२००	१८२	२००
	३.२.८	प्राविधिक	२००	०	२००
	३.२.९	प्रकाशन	२००	०	२००
	३.२.१०	व्याज छुट (रिवेट)	०	०	०
३.३	**सञ्चार एवं प्रविधि खर्च**		२,१५०	१,६२२	२२००
	३.३.१	टेलिफोन	४००	१९७	२००
	३.३.२	ईन्टरनेट र इन्ट्रानेट	३५०	२९८	४००
	३.३.३	सुचना प्रविधि	३५०	३५०	४००
	३.३.४	एटिएम कारोवार खर्च	२००	७५	२५०
	३.३.५	स्मार्ट बैकिङ्ग	२५०	१८८	३००
	३.३.६	डेबिट कार्ड	२००	१९३	२५०
	३.३.७	सफ्टवयर	४००	३२२	४००
३.४	**वार्षिक नियमित खर्च**		७,६५०	१९,१७८	९७५०
	३.४.१	साधारण सभा	४,०००	३,९९७	५,०००
	३.४.२	वार्षिकोत्सव	२००	१६६	३००

	३.४.३	ह्रास कट्टी	३,१००	२,६८२	४,०००
	३.४.४	आन्तरिक लेखा परीक्षण	१५०	१५०	१५०
	३.४.५	लेखापरीक्षण	२००	२००	२००
	३.४.६	सम्पत्ति अपलेखन	०	७५९	१००
	३.४.७	ऋण सुरक्षण कोष	०	११,२२४	०
३.५	**मर्मत सम्भार खर्च**		८००	६५९	९००
	३.५.१	मर्मत सम्भार कम्प्युटर सामान	१५०	१०३	१५०
	३.५.२	मर्मत सम्भार लिजहोल्ड	१५०	९	१५०
	३.५.३	मर्मत सम्भार भवन	२००	३८२	३००
	३.५.४	मर्मत सम्भार सवारी साधन	१००	९८	१००
	३.५.५	मर्मत सम्भार कार्यालय सामान	५०	१२	५०
	३.५.६	मर्मत सम्भार एयर कन्डिसन	१००	४६	१००
	३.५.७	मर्मत सम्भार विविध	५०	११	५०
३.६	**वैठक सञ्चालन भत्ता**		१,३००	१,०३३	१३००
	३.६.१	वैठक भत्ता	१,२००	९३८	१,२००
	३.६.३	अन्य भत्ता	१००	९५	१००
जम्मा खर्च			२०४,१६२	२३६,५९०	२३६,३१६
जम्मा आम्दानी			२८४,२५२	३१४,२१९	३२६,३१६
जम्मा खर्च			२०४,१६२	२३६,५९०	२३६,३१६
सञ्चालन बचत नाफा			८०,०९०	७७,६२९	९०,०००

७) अपुग बजेट

आर्थिक वर्ष २०७९/०८० को बजेटमा देहाय बमोजिमको शिर्षकमा बजेट अनुसार आम्दानी बढि भएको एवं खर्च अपुग भएकोले उक्त आम्दानी खर्चलाई यो सम्मानित सभामा अनुमोदनको लागि पेश गर्दछु ।

रु हजारमा

क्र.स.	शिर्षक	आ.व. ०७९/०८० अनुमानित	आ.व. ०७९/०८० वास्तविक	अनुमोदन गर्नु पर्ने रकम
१	**व्याज आम्दानी**	२७३,१४२	३०५,०५४	३१,९१२
२	**अन्य आम्दानी**	१०५४५	८,६००	(१,९४५)
कुल आम्दानी		२८३,६८७	३१३,६५४	२९,९६७

क्र.स.	शिर्षक	आ.व. ०७९/०८० अनुमानित	आ.व. ०७९/०८० वास्तविक	अनुमोदन गर्नु पर्ने रकम
१	**व्याज (वित्तिय) खर्च**	१४९,२००	१७३,१४१	२३,९४१
२	**कर्मचारी खर्च**	३३,३८१	३३,५३९	१५८
३	**प्रशासनिक खर्च**	२१,६७१	२९,९११	८,२४०
	जम्मा खर्च	२०४,२५२	२३६,५९०	३२,३३८

अध्यक्ष ज्यू, तथा सदस्य महानुभावहरु,

हामीले विगत २ दशकदेखि निरन्तर रुपमा सहकारीको सिद्धान्त र मूल्य मान्यतालाई आत्मसाथ गर्दै सरकारको नीति निर्देशन र सहकारी संघहरुको मार्गनिर्देशनलाई पालना गर्दै आईरहेका छौं । यसैको फलस्वरुप विषम परिस्थितिमा पनि हामी हजारौ वित्तीय संस्थाको माझ दिगो र विश्वसनीय सहकारीको पहिचान बनाउदै प्रतिस्पर्धी प्रतिफल दिन सक्षम भएका छौं । समिति र व्यवस्थापनले प्रस्ताव गरेको हरेक विषयहरुमा यहाँहरुको सकारात्मक साथ र रचनात्मक सहयोग रहेको छ । यसको लागि सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु । हामीले आगामी दिनहरु अझ उत्कृष्ट र परिणाममूखी बनाउनु छ । यसको लागि सदस्य ज्यूहरुको निरन्तर सल्लाह, सुझाव र ऐक्यवद्धताको समेत अपेक्षा गरेका छौं । समग्रतामा संस्थाको स्पष्ट नीति तथा कार्यक्रम र बजेट परिचालनले संस्थाले परिकल्पना गरेको **"सुखी सदस्य, दिगो सहकारी"** निर्माणको आधारशिला तयार हुनेछ ।

अन्तमा जस्तोसुकै परिस्थितिमा पनि आफ्नो कर्तव्यलाई शीरमा राखी सदस्य सेवामा अहोरात्र खटिने मेरा सहकर्मी मित्रहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु । नियामक निकाय, सहकारी अभियानका सबै सहयोगी मित्रहरु, सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्य ज्यूहरु, सल्लाहकार र विभिन्न उपसमितिका सदस्य मित्रहरु, संचार जगत र सम्पूर्ण सदस्यहज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै यो कार्यक्रम तथा बजेट पारित गरिदिनु हुन प्रस्ताव गर्दछु ।

धन्यवाद । जय सहकारी । जय पोखरा रोयल सहकारी ।

भीमबहादुर गुरुङ
प्रमुख कार्यकारी अधिकृत

आ.व. २०७९/०८० को संक्षिप्त वित्तीय विवरण

वित्तीय अवस्थाको विवरण (वासलात)

२०८० साल असार मसान्त

विवरण	यस वर्ष	गत वर्ष
सम्पत्ति		
नगद तथा बैंक मौज्दात	४५३,०१३,६१७.३१	१७३,८३६,९०९.२९
लगानी हिसाब	३,४२३,७१६.०६	११३,४०७,०९३.८१
सदस्यलाई दिएको ऋण सापटी	१,७६२,३०६,६०४.५२	१,८२३,७२६,४८४.८७
सम्पत्ति तथा उपकरण	२८,२२०,०३०.८२	३१,३९३,६५६.०६
अन्य सम्पत्तिहरु	१२,०८७,०९३.६४	१०,००६,७०२.५९
गैर बैकिङ्ग सम्पत्ति	३०,०१९,१५०.००	१८,९६९,८००.००
स्थगन कर सम्पत्ति	-	-
कुल सम्पत्ति	**२,२८९,०७०,२१२.३५**	**२,१७१,३४०,६४६.६२**
दायित्व		
तिर्न बाँकी बाह्य ऋण	-	-
सदस्यबाट संकलन गरेको निक्षेप	१,६४२,२४३,१९२.२६	१,५७४,४०६,८०३.६९
आयकर दायित्व	७,५५३,३४४.९८	६,६१२,३५५.७३
कर्जा नोक्सानी व्यवस्था	८५,००१,७५०.००	७३,७७८,१८१.००
अन्य दायित्वहरु	१०९,९८७,९३८.४४	१०८,५७९,०८३.७५
जम्मा दायित्वहरु	**१,८४४,७८६,२२५.६८**	**१,७६३,३७६,४२४.१७**
इक्विटी		
शेयर पूँजी	२१०,३९५,०००.००	२०९,७७२,४००.००
जगेडा कोष तथा अन्य कोषहरु	२३३,८८८,९८६.६५	१९८,१९१,८२२.४५
कुल पूँजी	**४४४,२८३,९८६.६५**	**४०७,९६४,२२२.४५**
कुल पूँजी तथा दायित्व	**२,२८९,०७०,२१२.३३**	**२,१७१,३४०,६४६.६२**

मिति : ३१/०४/२०८०

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

स्थान : पोखरा, नेपाल ।

विजया श्रेष्ठ	**भीम बहादुर गुरुङ्ग**	**केशव प्रसाद ढकाल**	**रुद्र कुमारी गुरुङ्ग**	**एफसिए. राजकुमार फुयाल**
लेखा प्रमुख	**प्रमुख कार्यकारी अधिकृत**	**सचिव**	**अध्यक्ष**	**प्रोपाइटर**

आर. के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

नाफा वा नोक्सान विवरण

२०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्मको

विवरण	यस वर्ष	गत वर्ष
ब्याज आम्दानी	२९९,६७०,४१५.५२	२४१,४३९,२७८.९२
ब्याज खर्च	१७३,१४०,९०९.९८	१२८,०६१,२०९.६८
खुद ब्याज आम्दानी	**१२६,५२९,५०५.५४**	**११३,३७८,०६९.२४**
अन्य सञ्चालन आम्दानी	१४,५५१,८६४.९१	१७,५२१,८४५.९३
कुल सञ्चालन आम्दानी	**१४१,०८१,३७०.४५**	**१३०,८९९,९१५.१७**
कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)	११,२२३,५६९.००	१६,८२१,०५९.१३
खुद सञ्चालन आम्दानी	**१२९,८५७,८०१.४५**	**११४,०७८,८५६.०४**
सञ्चालन खर्च		
कर्मचारी खर्च	३२,७३१,८७३.००	३१,६३८,८९८.००
प्रशासनिक खर्च	१६,९४७,६३१.९६	१४,५९३,२६५.४३
ह्रासकट्टि खर्च	२,६८२,३८६.९४	२,९७१,२६१.६५
सञ्चालन नाफा	**७७,४९५,९०९.५५**	**६४,८७५,४३०.९६**
गैर सञ्चालन आम्दानी	-	-
गैर सञ्चालन खर्च	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा	**७७,४९५,९०९.५५**	**६४,८७५,४३०.९६**
कर्मचारी बोनस खर्च	५,०६९,८२५.८६	४,२४४,१८७.०७
आयकर अघिको नाफा	**७२,४२६,०८३.६९**	**६०,६३१,२४३.८९**
आयकर खर्च		
चालु आयकर	७,५५३,३४४.९८	६,६१२,३५५.७३
स्थगन कर आम्दानी/खर्च	-	-
खुद नाफा/(नोक्सान)	**६४,८७२,७३८.७१**	**५४,०१८,८८८.१६**

मिति : ३१/०४/२०८०

स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

विजया श्रेष्ठ
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
सचिव

रुद्र कुमारी गुरुङ्ग
अध्यक्ष

एफसिए. राजकुमार फुयाल
प्रोपाइटर
आर. के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

नगद प्रवाह विवरण

२०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्मको

विवरण	यस वर्षको	गत वर्षको
कारोबार सञ्चालनबाट भएको नगद प्रवाह		
आयकर व्यवस्था पछिको खुद नाफा	६४,८७२,७३८.७१	५४,०१८,८८८.१६
ह्रासकट्टि खर्च	२,६८२,३८६.९४	२,९७१,२६१.६५
	६७,५५५,१२५.६५	**५६,९९०,१४९.८१**
सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि)		
सदस्यबाट निक्षेपमा वृद्धि/(कमि)	६७,८३६,३८८.५७	९७,०१४,१२९.८२
अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि)	२,३४९,८४३.९४	१६,०३८,७८७.५८
सदस्यलाई दिएको कर्जा सापटीमा (वृद्धि)/कमि	६१,४१९,८८०.३५	(४४०,१२७,३८३.१७)
अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि	(१३,१२९,७४१.०५)	(१९,४६०,१७९.९४)
ऋण नोक्सानी कोष व्यवस्था वृद्धि/(कमि)	११,२२३,५६९.००	१६,८२१,०५९.१३
कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)	**१९७,२५५,०६६.४६**	**(२७२,७२३,४३६.७८)**
लगानीबाट भएको नगद प्रवाह		
लगानीमा कमी/(वृद्धि)	१०९,९८३,३७७.७५	१३९,९८४,४६०.३८
स्थिर सम्पत्ति (खरिद)/बिक्री	४९१,२३८.३०	(४,२८३,४८२.४८)
लगानीबाट खुद नगद प्रवाह (ख)	**११०,४७४,६१६.०५**	**१३५,७००,९७७.९०**
वित्तीय कारोबारबाट भएको नगद प्रवाह		
शेयर पूँजीमा वृद्धि	६२२,६००.००	७,२९०,६००.००
बाह्य ऋणमा वृद्धि/(कमि)	–	–
कोषहरुका वितरण समायोजन	(२९,१७५,५७४.५१)	(२१,२०९,६३१.९३)
वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)	**(२८,५५२,९७४.५१)**	**(१३,९१९,०३१.९३)**
यस अवधिको खुद नगद प्रवाह (क+ख+ग)	**२७९,१७६,७०८.००**	**(१५०,९४१,४९०.८१)**
नगद तथा बैंकको शुरुवाती मौज्दात	१७३,८३६,९०९.२९	३२४,७७८,४००.१०
नगद तथा बैंकको अन्तिम मौज्दात	**४५३,०१३,६१७.२९**	**१७३,८३६,९०९.२९**

मिति : ३१/०४/२०८०

स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

विजया श्रेष्ठ
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
सचिव

रुद्र कुमारी गुरुङ्ग
अध्यक्ष

एफसिए. राजकुमार फुयाल
प्रोपाइटर
आर. के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

नाफाको बाँडफाँड हिसाब

२०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्मको

विवरण	प्रतिशत	यस वर्षको	गत वर्षको
यस वर्षको मूनाफा		६४,८७२,७३८.७१	५४,०१८,८८८.१६
साधारण जगेडा कोष	२५	१६,२१८,१८४.६८	१३,५०४,७२२.०४
संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा		**४८,६५४,५५४.०३**	**४०,५१४,१६६.१२**
बाँडफाँड			
संरक्षित पूँजी फिर्ता कोष	२५	१२,१६३,६३८.५१	१०,१२८,५४१.५३
सहकारी प्रवर्द्धन कोष	०.५	२४३,२७२.७७	२०२,५७०.८३
अन्य कोषमा बाँडफाँड अगाडीको नाफा		**३६,२४७,६४२.७५**	**३०,१८३,०५३.७६**
अन्य कोषको बाँडफाँड			
शेयर लाभांश कोष	७०	२५,३७३,३४९.९१	२१,१२८,१३७.६३
सहकारी शिक्षा कोष	५	१,८१२,३८२.१४	१,५०९,१५२.६९
सहकारी विकास कोष	५	१,८१२,३८२.१४	१,५०९,१५२.६९
सामुदायिक विकास कोष	५	१,८१२,३८२.१४	१,५०९,१५२.६९
घाटापूर्ति कोष	५	१,८१२,३८२.१४	१,५०९,१५२.६९
स्थिरीकरण कोष	५	१,८१२,३८२.१४	१,५०९,१५२.६९
अन्य जोखिम व्यवस्थापन कोष	५	१,८१२,३८२.१४	१,५०९,१५२.६९
जम्मा	१००	**३६,२४७,६४२.७५**	**३०,१८३,०५३.७६**

मिति : ३१/०४/२०८०
स्थान : पोखरा, नेपाल ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

विजया श्रेष्ठ
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
सचिव

रुद्र कुमारी गुरुङ्ग
अध्यक्ष

एफसिए. राजकुमार फुयाल
प्रोपाइटर
आर. के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०७९ श्रावण १ गतेदेखि २०८० असार मसान्तसम्मको

विवरण	शेयर पूँजी	साधरण जगेडा कोष	अन्य कोष	जम्मा
१ श्रावण , २०७८ सालको मौज्दात	२०२,४८१,८००.००	१३६,९४८,७६८.६९	२८,४३३,७९७.५४	३६७,८६४,३६६.२२
समायोजन	–	–	–	–
१ श्रावण, २०७८ सालको समायोजित मौज्दात	२०२,४८१,८००.००	१३६,९४८,७६८.६९	२८,४३३,७९७.५४	३६७,८६४,३६६.२२
यस वर्षको आय विवरणबाट	–	१३,५०४,७२२.०४	४०,५१४,१६६.१२	५४,०१८,८८८.१६
कोष समायोजन	–	६,८७१,९५७.९६	(२८,०८१,५८९.९०)	(२१,२०९,६३१.९३)
शेयर पूँजीमा वृद्धि/(कमी)	७,२९०,६००.००	–	–	७,२९०,६००.००
३२ असार, २०७९ सम्मको मौज्दात	२०९,७७२,४००.००	१५७,३२५,४४८.६९	४०,८६६,३७३.७६	४०७,९६४,२२२.४५
१ श्रावण , २०७९ सालको मौज्दात	२०९,७७२,४००.००	१५७,३२५,४४८.६९	४०,८६६,३७३.७६	४०७,९६४,२२२.४५
समायोजन	–	–	–	–
१ श्रावण, २०७९ सालको समायोजित मौज्दात	२०९,७७२,४००.००	१५७,३२५,४४८.६९	४०,८६६,३७३.७६	४०७,९६४,२२२.४५
यस वर्षको आय विवरणबाट	–	१६,२१८,१८४.६८	४८,६५४,५५४.०३	६४,८७२,७३८.७१
कोष समायोजन	–	११,६९०,७९९.२७	(४०,८६६,३७३.७८)	(२९,१७५,५७४.५१)
शेयर पूँजीमा वृद्धि/(कमी)	६२२,६००.००	–	–	६२२,६००.००
३१ असार, २०८० सम्मको मौज्दात	२१०,३९५,०००.००	१८५,२३४,४३२.६४	४८,६५४,५५४.०१	४४४,२८३,९८६.६५

विजया श्रेष्ठ
लेखा प्रमुख

भीम बहादुर गुरुङ्ग
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद ढकाल
सचिव

रुद्र कुमारी गुरुङ्ग
अध्यक्ष

एफसिए. राजकुमार फुयाल
प्रोपाइटर
आर. के. फुयाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

ROYAL

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटिड
पोखरा महानगरपालिका वार्ड नं. १०, बुद्धचोक, कास्की
पर्ल्स प्रतिवेदन आर्थिक वर्ष २०७९/०८०

सुचकहरु			लक्ष्य	उपलब्धी
PROTECTION	P1	१२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था	१००%	१००.००
	P2	१ महिना देखि १२ महिना सम्म भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था	३५%	३५.००
	P2x	शुद्ध ऋणको लागि व्यवस्था	१%	१.००
	P3	अपलेखन गरिएको खराव ऋण	१००%	–
	P4	वार्षिक अपलेखन गरिएको ऋण	न्युनतम	–
	P5	सञ्चित अपलेखन ऋण असुली	७५%	–
	P6	तिर्न सक्ने क्षमता	११०% भन्दा माथी	१११.३७
EFFECTIVE FINANCIAL STRUCTURE	E1	कुल सम्पतिमा खुद ऋणको अनुपात	७०%–८०%	७३.९९
	E2	कुल तरल लगानी	बढीमा २०%	१९.६५
	E3	कुल वित्तिय लगानी	बढीमा १०%	०.१५
	E4	कुल गैह वित्तिय लगानी	०%	–
	E5	कुल सम्पतिमा बचतको अुनपात	७०%–८०%	७१.७४
	E6	कुल सम्पतिमा बाह्य ऋणको अनुपात	बढीमा ५%	–
	E7	कुल सम्पतिमा शेयरपुँजीको अनुपात	बढीमा २०%	९.१९
	E8	कुल सम्पतिमा संस्थागत पुँजीको अनुपात	घटीमा १०%	८.१७
	E9	कुल सम्पतिमा खुद संस्थागत पुँजीको अनुपात	घटीमा १०%	८.१७
Asset Quality	A1	कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण	बढीमा ५%	७.७८
	A2	कुल सम्पतिमा नकमाउने सम्पतिको अनुपात	बढीमा ५%	१.९०
	A3	शुद्ध लागत रहित कोष	२००%	७६८.३५
RATES OF RETURN &COST	R1	शुद्ध ऋण बाट आम्दानी	उद्यमशिलता दर	१६.३५
	R2	तरल लगानी वाट आय	बजार दर	९.०७
	R3	वित्तिय लगानी बाट प्राप्त आय	बजार दर	१.१९
	R5	वचतमा व्याज खर्च	बजार दर/मुद्रा स्फिती	१०.७७
	R6	वाह्य ऋणमा व्याज खर्च	बजार दर	–
	R7	शेयर लाभांश	बजार दर	१२.०८
	R9	औषत सम्पतिमा संचालन खर्चको अनुपात	बढीमा ५%	२.३५
LIQUIDITY	L1	कुल निक्षेपमा तलरता	घटीमा १५%	२६.९४
	L3	कुल सम्पतिमा आय आर्जन नगर्ने तरल सम्पतिको अनुपात	बढीमा १%	०.१४
Sign Of Growth	S10	सदस्य बृद्धिदर	घटीमा १५%	४.६३
	S11	कुल सम्पति बृद्धिदर	>मुद्रास्फिती दर	५.४२

सदस्यको काम कर्तव्य अधिकार

सदस्यको काम :

- आफुले कबुल गरेको मासिक बचत वा ऋणको किस्ता नियमित रुपमा भुक्तान गर्ने र आफ्नो आर्थिक कारोवार संस्थाबाट नै चलाउने ।
- संस्थाले बोलाएको बैठक तथा सभाहरुमा सक्रियताका साथ उपस्थित भई सकारात्मक सुझाव दिने ।
- सदस्य एवं समुदायको हित र बिकासका कार्यमा संचालकलाई सहयोग पुऱ्याउने ।
- विभिन्न उपसमितिहरुमा रहि सञ्चालक समितिलाई सहयोग गर्ने ।
- संस्थाको प्रचार प्रसार गर्ने एवं संस्थागत बिकासमा सकारात्मक योगदान पुऱ्याउने ।
- एक सदस्य एक नयाँ सदस्यको अभियानमा सहयोग पुऱ्याउने ।
- संस्थाले सञ्चालन गरेको नयाँ प्रविधी एवं उत्पादनहरु प्रयोग गर्ने ।
- संस्थाले आव्हान गरेको समयमा शेयर रकम वृद्धिमा सहभागी हुने ।

सदस्यको कर्तव्य तथा दायित्व :

- जुन व्यवसाय वा परियोजनाको लागि ऋण लिएको हो, सोहि व्यवसायमा लगाउनु सदस्यको कर्तव्य हुनेछ ।
- नियमित रुपमा संस्थामा आई सुचना लिनु सदस्यको कर्तव्य हुनेछ ।
- समितिले मनोनयन गरेका सल्लाहकार, उपसमिति तथा विभिन्न कार्यदलमा रहि कार्य गर्नु सदस्यको कर्तव्य हुनेछ ।
- एक पालिका भित्रको एक विषयको एक मात्र सहकारीको सदस्य बन्ने सदस्यको कर्तव्य हुनेछ ।
- सदस्य पहिचान फारम (KYM) तोकिएको समयमा अध्यावधिक गराउनु सदस्यको कर्तव्य हुनेछ ।
- विना सुचना ३ वर्ष सम्म वार्षिक साधारण सभामा उपस्थित नहुँदा एंव ३ वर्ष सम्म नियमित रुपमा मासिक बचत नगरेमा सदस्य बाट निस्कान हुने कुरा जानकारी लिनु सदस्यको कर्तव्य हुनेछ ।
- सहकारी सिद्धान्त, मूल्यमान्यता, सहकारी ऐन नियमावली र संस्थाको विनियम, नीति तथा कार्यविधी पालना गर्नु सदस्यको कर्तव्य हुनेछ ।
- वार्षिक साधारण सभामा सहकारी सम्बन्धी तालिमको लागि नाम टिपाउनु सदस्यको दायित्व हुनेछ ।
- समितिले दिएको जिम्मेवारी तोकिएको समयमा पुरा गर्नु सदस्यको दायित्व हुनेछ ।
- लामो समय सम्म संस्थाको कार्यक्षेत्र भन्दा अन्यत्रै जानुपरेको अवस्था र कुनै कारणले आफ्नो ठेगाना वा सम्पर्क नम्बर परिवर्तन भएको अवस्थामा संस्थामा सूचना गराउनु सदस्यको दायित्व हुनेछ ।
- वार्षिक साधारण सभा एवं निमन्त्रणा गरिएको बैठकहरुमा उपस्थित हुन नसकेको अवस्थामा संस्थामा जानकारी गराउनु सदस्यको दायित्व एवं कर्तव्य हुनेछ ।

सदस्यको अधिकार :

- आफ्नो शेयर खाता, बचत खाता तथा ऋण खाताको हिसाब बिवरण हेर्न पाउने सदस्यको अधिकार हुनेछ ।
- संस्थाको वार्षिक साधारण सभा तथा विभिन्न बैठकहरुको सूचना तथा निर्णयहरु थाहा पाउनु सदस्यको अधिकार हुनेछ ।
- संस्थाले निर्णय गरि सार्वजनिक गरेको बचत तथा ऋणको ब्याजदर तथा वार्षिक साधारण सभाले निर्णय गरेको लाभाशं र संरक्षित पूँजीफिर्ता कोष प्राप्त गर्नु सदस्यको अधिकार हुनेछ ।
- एक व्यक्ति एक मतका आधारमा विभिन्न सभा तथा बैठकहरुमा मताधिकार गर्ने सदस्यको अधिकार हुनेछ ।
- सञ्चालक समितिले सदस्यलाई कुनै कारणले निष्काशन वा कार्वाही गरेको अवस्थामा सो उपर आवश्यक छानविनको लागि निवेदन गर्न पाउनु सदस्य स्वयंको अधिकार हुनेछ ।

२२औं वार्षिक साधारण सभा २०८०
सदस्य सहभागिता फारम

१) सदस्यको विवरण :

सदस्यको नाम : ....

सदस्यता नं. .... सम्पर्क फोन नं. ....

संस्थाले २०८०/०५/०५ गते जारी गरेको सुचना अनुसार मेरो राय तपसिल बमोजिमको रहेको छ ।

२) सञ्चालक समितिको प्रतिवेदन सम्वन्धमा :

....

....

....

३) लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा :

....

....

....

४) कार्यक्रम तथा बजेट सम्वन्धमा :

....

....

....

५) संस्थालाई थप केहि सुझाव भए :

....

....

....

....

नोट : कृयया पाना नपुग भएमा थप पानामा आफ्नो जिज्ञाशा तथा सुझाव लेखि पेश गर्न सक्नुहुनेछ । साथै यो फारम भरि २०८० असोज १ गतेभित्र संस्थाको कार्यालयमा वा संस्थाको ईमेल वा फेसबुक म्यासेन्जरमा पठाईदिनु होला । धन्यवाद ।

२२औं वार्षिक साधारण सभा २०८०

प्रतिवेदनहरु उपर आफ्नो राय तथा सुझाव सहित पारित गर्ने तालिका :

संस्थाले मिति २०८०/०५/०५ गते जारी गरेको सुचना एवम् प्राप्त प्रतिवेदन अनुसार मेरो राय तपसिल बमोजिमको रहेको छ ।

१) प्रतिवेदनहरु सम्वन्धमा : (उपयुक्त कोठामा √ चिन्ह लगाउनुहोला)

क्र.सं.	साधारण सभामा प्रस्तुत प्रस्तावहरु	स्वीकृत गर्न हुन्छ	स्वीकृत गर्न हुन्न
१.१	सञ्चालक समितिको तर्फबाट अध्यक्ष रुद्रकुमारी गुरुङद्धारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन		
१.२	लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट संयोजक हर्कबहादुर गुरुङद्धारा प्रस्तुत प्रतिवेदन		
१.३	लेखा परिक्षक चार्टड एकाउन्टेन्ट्स आर.के. फुयाल एण्ड एसोसियट्सद्धारा प्रस्तुत आ.व.२०७९/०८० को लेखापरिक्षण प्रतिवेदन		
१.४	प्रमुख कार्यकारी अधिकृत भीमबहादुर गुरुङद्धारा प्रस्तुत आ.व. २०८०/०८१ को लागि प्रस्तावित नीति तथा कार्यक्रम र बजेट		

२) अन्य व्यवस्थापन सम्वन्धमा : (उपयुक्त कोठामा √ चिन्ह लगाउनुहोला)

क्र.सं.	केहि प्रश्नहरु	अति उत्तम	उत्तम	कमजोर
२.१	वार्षिक साधारण सभाको सूचना संप्रेषणको तरिका			
२.२	साधारण सभामा उपस्थिति व्यवस्थापन विधि			
२.३	खर्च न्यूनीकरण र साधारण सभाको आर्थिक व्यवस्थापन			
२.४	एकाई सभा मार्फत साधारण सभा संचालन			

सदस्यको नाम :...**हस्ताक्षर :**..............................

के तपाईले सदस्यता पहिचान फारम **(KYM)** अध्यावधिक गर्नुभयो ?
यदि गर्नुभएको छैन भने संस्थामा गई सदस्यता पहिचान फारम **(KYM)** अध्यावधिक गर्नुहोला ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Pokhara Royal Saving & Credit Co-operative Society Limited

Head Office: Buddhachowk, Pokhara | ☎: 061-587833, 588833, 570933

Service Center: • Dulegaunda, Tanahun, ☎: 065-414490 | • Bhandardhik, Kaski, ☎: 061-561775|Mohoriya, Kaski ☎: 061-563903

E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com